नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ग्रमिण विकास समन्वय शाखा)
सिंहदरबार, काठमाडौं

फोन: ४२००५११, ४२००३०४
इमेल: lbss_mid@yahoo.com

पत्र संख्याः- २०७३।०७४

चलानी नं.:- ५५२

मितिः- २०७३।१०।२५

श्री महाशाखा प्रमुखज्यूहरू/ शाखा प्रमुखज्यूहरू सबै,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय।
श्री स्थानीय विकास अधिकारीज्यूहरू सबै,
जिल्ला विकास समितिको कार्यालय ।
श्री कार्यकारी प्रमुखज्यूहरू सबै,
महा/उप-महा/नगरपालिकाको कार्यालय ।

विषयः- राय सुझाव उपलब्ध गराईदिने सम्वन्धमा ।

उपर्युक्त विषयमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत ग्रामीण विकास समन्वय शाखाद्धारा तयार पारिएको बालमैत्री स्थानीय शासन विस्तार योजना-Child Friendly Local Governance, Rollout Plan, आ.व. ०७३।०७४-२०७६।०७७ को अन्तिम मस्यौदा यसै साथ संलग्न छ। यस मस्यौदालाई अन्तिम स्वरूप दिनु अघि विषयगत मन्त्रालयको टिम, जि.वि.स./न.पा. का सम्पर्क व्यक्ति र सहयोगी संस्था यस विषयसँग सरोकार राख्ने विज्ञहरूसँग समेतको छलफल र अन्तर्क्रियाबाट यो मस्यौदा यस अवस्थामा आईपुगेको छ। तसर्थ यसमा अझै परिमार्जन गर्न मन्त्रालय र स्थानीयस्तर समेतबाट कुनै राय/सुझाव भए १५ दिनभित्रमा राय/सुझाव उपलब्ध गराई सहयोग गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

मैया कँडेल
(शाखा अधिकृत)

बोधार्थः
सूचना तथा विद्युतीय शासन शाखाः उपर्युक्त पत्र मन्त्रालयको Website मा upload गरिदिनुहुन अनुरोध छ ।

# बालमैत्री स्थानीय शासन

# विस्तार योजना

(आ.व. २०७३/७४-२०७६/७७)

# Child Friendly Local Governance

# Roll out Plan

(FY 2016/17-2019/20)

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

Government of Nepal

Ministry of Federal Affairs and Local Development

Singhadurbar, Kathmandu

२०७३मंसिर

# भुमिका

# विषय सूची

परिच्छेद एकः पृष्ठभूमि........................................................................................६
१.१ परिचय......................................................................................................६
१.२ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ को संक्षिप्त समीक्षा.......................................६
१.२.१ नीतिगत तथा कानूनी पक्ष.........................................................................६
१.२.२ रणनीतिक व्यवस्था र कार्यान्वयन...................................................................७
१.२.३ कार्यक्रम विस्तार र स्रोत व्यवस्थापन पक्ष.......................................................... ८
१.२.४ रणनीति कार्यान्वयनको प्रतिफल र सूचकहरु..........................................................९
१.२.५ बालमैत्री पद्धति अवलम्वन र घोषणा...............................................................१४
१.२.६ बालमैत्री स्थानीय शासनबारे नेपाल सरकारले लिएको स्वामित्व.....................................१४
१.२.७ बालमैत्री कार्यक्रमबाट स्थानीय तहमा आएको नूतन सिकाई तथा निचोड...........................१७
परिच्छेद दुई : बालमैत्री स्थानीय शासन विस्तार योजनाका अवयव र सिद्धान्तहरु.......................... २१
२.१ बालमैत्री स्थानीय शासन विस्तार योजनाका अवयवहरु............................................... २१
२.१.१ विस्तारको लागि उपयुक्त वातावरण निर्माण (Enabling Environment)............................ २१
२.१.२ कार्यान्वयन निकायको क्षमता अभिवृद्धि तथा जनशक्ति (Key Resource Team & Capacity Building) .. २१
२.१.३ मुख्य नेतृत्वदायी निकाय (Lead Organization)..................................................... २१
२.१.४ प्रमुख स्रोत समुह (Key Resource Team)........................................................... २१
२.२ बालमैत्री स्थानीय शासन विस्तार योजनाका सिद्धान्तहरु.............................................. २१
२.२.१ दिगोपनको सिद्धान्त (Principle of Sustainability)................................................. २२
२.२.२ सफलताबाट सिकाईको सिद्धान्त (Principle for Factors of Success).............................. २२
२.२.३ मानव अधिकारः लैङ्गिक समानता, सशक्तिकरण र समावेशीकरणको सिद्धान्त (Principle of Human Rights: Gender Equality, Empowerment and Inclusion)............................................. २२
२.२.४ प्रमुख अवयवहरु विचको सन्तुलनको सिद्धान्त (Principle of Balancing Key Elements).............. २२
२.३ बालमैत्री स्थानीय शासन विस्तारका तहहरु......................................................... २२
परिच्छेद तीन : बालमैत्री स्थानीय शासनको विस्तार योजना..........................................२४
३.१ पृष्ठभूमि ....................................................................................................२४
३.२ चुनौती र अवसर...........................................................................................२४
३.२.१ चुनौती ....................................................................................................२४
३.२.२ अवसर......................................................................................................२५
३.३ उद्देश्य ......................................................................................................२५

३.४ भौगोलिक क्षेत्र विस्तार........................................................................ २५

३.५ क्षेत्र विस्तारको परिमाणात्मक लक्ष्य........................................................ २५

३.५.१ अवलम्वनको लक्ष्य.................................................................. २६

३.५.२ घोषणाको लक्ष्य...................................................................... २७

३.६ बालमैत्री स्थानीय शासन कार्यान्वयनको रणनीति........................................ २७

३.७ बालमैत्री स्थानीय शासन कार्यान्वयनको कार्यनीति........................................२८

परिच्छेद चार : बालमैत्री स्थानीय शासन विस्तार योजनाका क्षेत्रहरु..............................३०

४.१ विस्तारको लागि उपयुक्त वातावरण निर्माण...................................................३०

४.१.१ राजनैतिक नेतृत्वको भूमिका (स्थानीय तहमा)................................................३०

४.१.२ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको भूमिका..................................३०

४.१.३ विषयगत मन्त्रालयहरुको भूमिका..........................................................३०

४.१.४ राष्ट्रिय योजना आयोगको भूमिका..........................................................३०

४.१.५ अर्थ मन्त्रालयको भूमिका.................................................................. ३१

४.१.६ स्थानीय तहको नेतृत्वको भूमिका.......................................................... ३१

४.१.७ विकास साझेदारहरु राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको भूमिका.................... ३१

४.१.८ निजी क्षेत्रको भूमिका...................................................................... ३१

४.२ विस्तारको लागि नीतिगत व्यवस्था........................................................ ३१

४.२.१ मौजुदा नीतिको समीक्षा तथा नयाँ नीति तर्जुमा............................................ ३१

४.२.२ कार्यसम्पादनमा आधारित प्रोत्साहन........................................................ ३२

४.२.३ प्रकोप पश्चातको स्थानीय पुनर्स्थापना योजना निर्माण...................................... ३२

४.३ स्रोत व्यवस्थापन.......................................................................... ३२

४.३.१ विस्तारको लागि बजेट...................................................................... ३२

४.३.२ केन्द्रीय तहबाट प्राप्त हुने सहयोग........................................................ ३२

४.३.३ स्थानीय तहमा हुन सक्ने लगानी..........................................................३३

४.३.४ स्रोत जुटाउन नविनतम तरिका............................................................३३

४.३.५ विकास साझेदार /गैससबाट हुने लगानी..................................................३३

४.४ कार्यान्वयन निकायको क्षमता अभिवृद्धि तथा जनशक्ति....................................३३

४.४.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सम्पर्क शाखाको सुदृढीकरण..............३३

४.४.२ बालमैत्री स्थानीय शासन समितिको सुदृढीकरण र कार्यजिम्मेवारी..........................३४

४.४.३ स्थानीय निकाय तथा विषयगत कार्यालयका सम्पर्क विन्दुको क्षमता विकास..................३४

४.४.४ बाल संजालको क्षमता विकास..............................................................३४

४.४.५ जनशक्ति व्यवस्थापन तथा सीप अभिवृद्धि ....................................................................३४
४.५ औजार (उपकरण), कार्यविधि र म्यानुअल ....................................................................३४
४.५.१ मौजुदा अवस्थाको विश्लेषण, परिमार्जन तथा तर्जुमा ............................................... ३५
४.५.२ स्रोत सामग्री निर्माण .................................................................................................. ३५
४.६ वकालत, प्रचारप्रसार तथा सूचना प्रवाह......................................................................... ३५
४.६.१ विस्तारको लागि तालिम प्राप्त जनशक्ति निर्माण............................................................ ३५
४.६.२ कार्यक्रम, अवलम्वन तथा घोषणा बारे वहस पैरवी ......................................................... ३५
४.६.३ योजना कार्यान्वयनको लागि कार्यस्थल (Plat Form) तथा संजाल निर्माण ................................. ३६
४.६.४ बालमैत्री स्थानीय शासनका अभियन्ता (Champions) तयारी ............................................. ३६
४.६.५ संचारका विद्युतीय तथा प्रिन्ट माध्यमको प्रयोग ............................................................ ३६
४.६.६ वेभसाइटद्वारा सूचना प्रवाह......................................................................................... ३६
४.६.७ सिकाई स्रोत केन्द्रको विकास ..................................................................................... ३६
४.६.८ अनुकरणीय कार्यहरुको प्रचार प्रसार ........................................................................... ३६
४.७ विस्तारको लागि कार्यान्वयन कार्ययोजना .................................................................... ३७
४.८ विस्तारको लागि बजेट अनुमान ................................................................................ ४४
परिच्छेद पाँचः अनुगमन, मूल्यांकन र प्रतिवेदन ..........................................................................४५
५.१ अनुगमन प्रकृया..........................................................................................................४५
५.२मूल्यांकन ..........................................................................................................................४५
५.३प्रतिवेदन तथा अभिलेखीकरण .........................................................................................४५
६ पूर्वानुमान.........................................................................................................................४५
अनुसूची १: बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला र न्यूनतम सूचकहरु.........................................४६
अनुसूची २: विस्तार योजनाको लागत अनुमान...................................................................................५०
अनुसूची ३: विस्तार योजना तर्जुमा क्रममा सुझाव दिने सहभागिहरु ................................................ ५१

# परिच्छेद एकः पृष्ठभूमि

## १.१ परिचय

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी बालबालिकाका सवालहरुलाई शासकीय पद्धतिमा मूलप्रवाहीकरण गर्न ल्याईएको अवधारणा हो । यसले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्नमा समेतसहयोग पुऱ्याउछ ।

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सन् १९८९, बालश्रम नियन्त्रण सम्बन्धी गुरुयोजना (२०६१/६२-२०७१/७२) र बालबालिकाको लागि १० वर्षे (२०६१-२०७१) राष्ट्रिय कार्ययोजना तयार भै कार्यान्वयनमा आएको र यिनै योजना समेतलाई आधार मानी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ । यस सन्दर्भमा पछिल्लोपटक कार्यान्वयनमा रहेको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको समीक्षा गरी सोको विस्तार योजना (Roll out Plan)तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएकाले यो विस्तार योजना तयार गरिएकोछ ।

## १.२ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ को संक्षिप्त समीक्षा

### १.२.१ नीतिगत तथा कानूनी पक्ष

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हक सम्बन्धी व्यवस्था गरेको छ । यसले बालमैत्री स्थानीय शासनका निश्चित सूचकहरु पूरा हुनुपर्ने कुरा सुनिश्चित गरेकोछ । प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुने, कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्ने जस्ता बाल हिंसा, शोषण, दुर्व्यवंहार गर्न नपाइने, कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्नावा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यमवा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनैप्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने भनीनेपालको संविधानमा उल्लेख भएका विषयहरुसंग सम्वद्ध सूचकहरु बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका सूचकका रुपमा रहेका छन् । यस विपरीतका कार्य कानून बमोजिमदण्डनीय हुनेर त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाटकानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत संविधानले सुनिश्चित गरेको छ । यसवाट बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा नेपाल सरकारको नीतिगत एवं कानूनी तहमा प्रतिवद्धता रहेको छ ।

यस्तै स्थानीय स्वायत्त शासन ऐन, २०५५, बालबालिका सम्वन्धी ऐन, २०४८, बालश्रम (निषेध र नियमित) ऐन, २०५६ ले बालअधिकारका विषयलाई स्पष्ट रुपमा सम्वोधन गरेको छ । बाल अधिकार

सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लाई सन् १९९० सेप्टेम्वर १४ मा नेपालले अनुमोदन गरी बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्बोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरिसकेको छ ।

### १.२.२ रणनीतिक व्यवस्था र कार्यान्वयन

गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको सर्वाङ्गीण विकास, बालबालिकाको विचारको सम्मान र सहभागिता, सन्निकटता, समावेशिता, समुदायमा आधारित विकास गरी जम्मा ७ वटा निर्देशक सिद्धान्तमा आधारित भै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयन भैरहेकोछ । बाल अधिकारका विषयलाई स्थानीय शासन पद्धति संग सम्बन्धित देहाय वमोजिमका १६ वटा तहगत खुड्किलामा संस्थागत गर्दै यो रणनीति कार्यान्वयन भैरहेकोछ । यी खुड्किलाहरुको हालसम्मको स्थिति तलको तालिकामा दिईएको छ ।

**तालिका १ः कार्यान्वयनका तहगत खुड्कीलाहरु**

| क.सं. | खुड्किला | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार | ७५ जिविस, ३८ नपा र १०५६ गाविसले सम्पन्न गरेको |
| २ | बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि जिल्ला, नगर तथा गाउँ समितिको गठन | ७५ जिविस, ३८ नपा र १०५६ गाविसले सम्पन्न गरेको |
| ३ | बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा | ३८ जिविस, ३४ नपा र ५२५ गाविस ले सम्पन्न गरेको |
| ४ | जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध | ५३ जिविस, ४६ नपा र ९८२ गाविसले सम्पन्न गरेको |
| ५ | निश्चित सूचक/मापदण्डका आधारमा नगरपालिकाको वडा र गाँउ विकास समितिको छनौट | ५३ जिल्लामा सम्पन्न भएको |
| ६ | बालबालिकाको वस्तुगत विवरण तयारी | ४ जिविस, २ नपा र २५ गाविसले सम्पन्न गरेको |
| ७ | बालकोष (Child Fund)को स्थापना | ३४ जिविस, ३३ नपा र ९८२ गाविसले सम्पन्न गरेको |

| क्र.सं. | खुड्किला | कार्यान्वयन स्थिति |
|---|---|---|
| ८ | बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन | ७५ वटै जिल्लाहरुमा भएको |
| ९ | सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण | ४ जिविस, २ नपा र २५ गाविसले सम्पन्न गरेको |
| १० | सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा | ७५ जिविस, ३८ नपा र १०५६ गाविसले सम्पन्न गरेको |
| ११ | आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन | १५ जिविस, २ नपा र २ गाविसले सम्पन्न गरेको |
| १२ | बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण | ३४ जिविस, ३३ नपा र २५ गाविसले सम्पन्न गरेको |
| १३ | अनुगमन, समीक्षा र मूल्याङ्कन | स्थानीय तहमा नियमित प्रक्रिया अनुसार अनुगमन र समीक्षा भएको, केन्द्रवाट वार्षिक ३ पटक सम्म संयुक्त अनुगमन भएको |
| १४ | स्थानीय निकायको परिषदबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय | ३४ जिविस, ३३ नपा र ९८२ गाविसले सम्पन्न गरेको |
| १५ | बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण तथा स्थानीयकरण | ४३ जिविस, २८ नपा र ५२५ गाविसले सम्पन्न गरेको |
| १६ | बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा र यसको निरन्तरता | सुनवल नपा (नवलपरासी), तेतरीया गाविस (मोरङ्), विराटनगर उपमहानगरपालिका (मोरङ्), भिंग्री गाविस (प्यूठान) ले गरेको |

*स्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वेभ वेस्ड रिपोर्ट, २०१५*

### १.२.३ कार्यक्रम विस्तार र स्रोत व्यवस्थापन पक्ष

**(क) कार्यक्रम विस्तार**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन पश्चात ७५ वटै जिविसहरुले यस अवधारणा अवलम्वनको प्रक्रिया शुरु गरेका छन् भने चारवटा (नवलपरासी जिल्लाको सुनवल नगरपालिका, मोरङ्ग जिल्लाको तेतरीया गाविस र विराटनगर उपमहानगरपालिका, प्यूठान जिल्लाको भिंग्री गाविस) स्थानीय निकाय बालमैत्री घोषणा भएका छन् । गत ५ वर्षमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन भै कार्यक्रमको लक्ष्य तथा विस्तारको प्रगति अवस्था देहाय वमोजिम रहेको छः

**तालिका २: रणनीति कार्यान्वयनको विस्तारको लक्ष्य तथा प्रगति (संख्यामा)**

| स्थानीय निकाय/वर्ष (सन्) | नमुना परिक्षण | | | बालमैत्री अवधारणा विस्तार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | | प्रगति | वार्षिक लक्ष्य | | | | | प्रगति |
| | २००९ | २०१० | | २०११ | २०१२ | २०१३ | २०१४ | २०१५ | |
| जिल्ला विकास समिति | ५ | १५ | ५ | २५ | ३७ | ४० | ४५ | ५० | ७५ |
| नगरपालिका | १ | ५ | १ | १० | १५ | २० | ३० | ४० | ३८ |
| गाँउ विकास समिति | १० | ३५ | ५ | १०० | ३०० | ५०० | ७०० | १००० | १०५६ |

*स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०१६*

**(ख) स्रोत व्यवस्थापन र खर्चको अनुमान[1]**

यो रणनीतिको गत पाँच वर्षको कार्यान्वयन र दुई वर्षको नमुना परिक्षण समेतका लागि (स्थानीय निकाय मार्फत) रु५ अर्व २६ करोड खर्च हुन गएको अनुमान गरिएको छ । यसका खर्च व्यहोर्ने स्रोतहरुमा नेपाल सरकारवाट केन्द्रीय अनुदानको रुपमा करिव रु ३० करोडको अख्तियारी दिईएको, स्थानीय निकायहरुवाट आफुले प्राप्त गरेको अनुदान पूजीँगत खर्चको १० प्रतिशतका दरले हुने रकम करिव रु ४ अर्व २७ करोड, तथा युनिसेफ नेपालवाट स्थानीय निकायहरुमा करिव रु ६९ करोड लगानी गरेको प्रारम्भिक अनुमान गरिएको छ । यसैलाई प्रतिशतको रुपमा हेर्दा स्थानीय निकायद्वारा ८१ प्रतिशत, नेपाल सरकारद्वारा केन्द्रीय अनुदान ०६ प्रतिशत र युनिसेफवाट १३ प्रतिशत भएको देखिन्छ ।

*यस गणनामा विषयगत निकायको लगानी तथा सेभ द चिल्ड्रेन, प्लान नेपाल, वर्ल्ड भिजन जस्ता अन्तर्राष्ट्रिय र राष्ट्रिय गैससहरुले गरेको लगानी समावेश भएको छैन ।*

## १.२.४ रणनीति कार्यान्वयनको प्रतिफल र सूचकहरु

यस रणनीतिका बालबालिका सम्वद्ध प्रोफाईल र स्थानीय विकास योजना, बालबालिकाको लागि लगानी योजना, बालबालिकाको लागि नीति तथा आचार संहिता र बालबालिकाको स्थिति पत्र तयारी गरी चार वटा प्रतिफल तथा यस सम्वद्ध ३९ वटा न्यूनतम् सूचकहरु तोकिएका छन् । ति सूचकहरुको आधार वर्षको अवस्था बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा अभिलेखीकरण भएको पाईएन । तथापि ती सूचकहरुको राष्ट्रिस्तरको २०७३ को अवस्था तलको तालिकामा दिईएको छ ।

---

*[1]यस खण्डमा उल्लिखित लगानी अंक सन् २०१५ को बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिमा २ वर्षमा भएको लगानी छलफलको लागि पेश भएको रकममा आधारित भै ५ वर्षका लागि सोही आधारमा अनुमान गरिएको छ । सम्वद्ध निकायहरुवाट अन्तिम अंक यकीन भै आए पश्चात परिमार्जन गरि अभिलेख राखिनेछ ।*

**तालिका ३: बालमैत्री स्थानीय शासनका सूचकहरुको विद्यमान अवस्था**

| क. सं. | सूचक | हालको अवस्था ( २०७३ आषाढ) | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| **क** | **बाल बचाउँ** | | | |
| १ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) | ६८% | स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन, २०१५ | |
| २ | एक वर्षभित्रका बालबालिकाले पूर्णरुपमा खोप (डिपिटी, हेपटाइटिस बि, हिब ३ मात्रा) पाएको | ९४% | | |
| ३ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको | ७७% | | |
| ४ | गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको | ५६% | | |
| ५ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको | ANC ५२%<br>PNC २०% | | |
| ६ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको | ५२% | | |
| ७ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको | ६९% | | |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकालाई ARV Prophylaxis दिएको | NA | | |
| ९ | सबै घरधुरीमा खानेपानीको सुविधा भएको | ८३.६% | चौधौं योजनाको आधारपत्र, २०७३, राष्ट्रिय योजना आयोग | |
| १० | साबुन पानीले हात धुने परिपाटीको विकास भएको (चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोए पछि) | ८१% (सरसफाई सुविधा पुगेको) | | |
| **ख** | **बाल संरक्षण** | | | |
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको | ५८.४% | नेपालमा बालबालिकाको स्थिति, २०७२, केन्द्रीय बाल कल्याण समिति | |
| २ | बाल विवाहको संख्यामा कमी आएको | ४१% | | |
| ३ | निकृष्ट प्रकारको बालश्रम दर घटेको[2] | ८% | | |

[2]हाल कायम बालबालिका मध्ये ५१ प्रतिशत बाल श्रमिक रहेको र त्यसमध्ये ६ लाख २० हजार बालबालिकाजोखिमपूर्ण श्रममा रहेको अनुमान केन्द्रीय बाल कल्याण समितिले गरेको छ ।

| क्र. सं. | सूचक | हालको अवस्था ( २०७३ आषाढ) | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| ४ | घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको | ३० वटा गाविस र २ वटा नपाहरुले कार्यान्वयन गरेको | नेपालमा बालबालिकाको स्थिति, २०७२, केन्द्रीय बाल कल्याण समिति | |
| ५ | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याएको | ३० वटा गाविस र २ वटा नपाहरुले संचालनमा ल्याएको | | |
| **ग** | **बाल विकास** | | | |
| १ | ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका | ८१% | शिक्षा विभाग फ्ल्यास रिपोर्ट २०१५ | |
| २ | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका | ९६.२% | | |
| ३ | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा ( १ देखि कक्षा ८ सम्म) पाएका | ७४.६% | | |
| ४ | औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको | NA | | |
| ५ | प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको | आ.व. २०७३/७४ मा ५७२ शौचालय वनाउने लक्ष्य रहेको | | |
| ६ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको | NA | | |
| **घ** | **बाल सहभागिता** | | | |
| १ | स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको | वडा नागरिक मंचमा २८४१० बालबालिका सहभागी | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अभिलेख | |
| २ | स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको | एकीकृत योजना तर्जुमा समितिमा ३५९१ बालबालिका सहभागी । गत वर्ष बालभेलामा ६०,००० बालबालिका सहभागी | | |

| क्र. सं. | सूचक | हालको अवस्था (२०७३ आषाढ) | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| ३ | स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व गराउने संरचना निर्माण भएको | | | शिक्षा मन्त्रालयवाट सहभागिता गराउन परिपत्र भएको |
| ४ | स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व भएको | | | स्वास्थ्य मन्त्रालयवाट सहभागिता गराउन परिपत्र भएको |
| ५ | प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको | २२४५७ बाल क्लव गठन | नेपालमा बालबालिकाको स्थिति, २०७२, केन्द्रीय बाल कल्याण समिति | |
| ६ | जिल्ला, नगर तथा गाउँ तहमा बाल संजाल गठन भएको | सदस्य ४३१९६० जना | | |
| ङ | **संस्थागत विकास** | | | |
| १ | स्थानीय निकायको परिषद् बैठक नियमित रुपमा संचालन भएको | ८५ प्रतिशत | | |
| २ | स्थानीय निकायहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचारसंहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको | ३८ जिल्ला, ३४ नपा, ५२५ गाविस | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अभिलेख | |
| ३ | स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको | ७५ जिल्ला, ३८ नपा, १०५६ गाविस | | |
| ४ | स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहेको (संख्या) | २९१३३ वटा विद्यालय | शिक्षा विभाग फ्ल्यास रिपोर्ट २०१५ | |
| ५ | स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहेको | ३१५६[3] | स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन, २०१५ को आधार | |
| ६ | स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएको | ३१९०२ रिपोर्ट भएको | शिक्षा विभाग फ्ल्यास रिपोर्ट २०१५ | |
| ७ | स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहेको | २२४५७ बाल क्लव | नेपालमा बालबालिकाको स्थिति, २०७२, केन्द्रीय बाल कल्याण | |

[3]प्रति गाविस १ स्वास्थ्य व्यवस्थापन समिति रहेको आधारमा

| क्र. सं. | सूचक | हालको अवस्था ( २०७३ आषाढ) | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| | | | समिति | |
| ८ | स्थानीयस्तरमा प्यारालिगल कमिटि जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता कमिटिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहेको | NA | | |
| ९ | स्थानीयस्तरमा बाल संजाल विकास भएको हुनुपर्ने र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व भएको | ७५जिल्लामा बाल संजाल रहेको | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अभिलेख | |
| १० | बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको | ३४ जिल्ला | | |
| ११ | जिल्ला, नगर तथा गाउँ विकास योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको | १५ जिल्लाले आवधिक योजना वनाएको | | |
| १२ | बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अध्यावधिक भएको | १५ जिल्ला | | |

### १.२.५ बालमैत्री पद्धति अवलम्वन र घोषणा

बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहाय बमोजिमका ६ वटा कार्यहरु गरेका स्थानीय निकायलाई बालमैत्री पद्धतिको अवलम्बन गर्ने स्थानीय निकायहरु भनिने व्यवस्था भए अनुसार स्थानीय निकायको नेतृत्ववाट बालमैत्री स्थानीय शासन अवलम्वन गरिएकोछ । अवलम्वन भएका स्थानीय निकायको विवरण तलको तालिकामा दिईएकोछ ।

**तालिका ४: बालमैत्री स्थानीय शासन अवलम्वनको अवस्था**

| क्र.सं. | अवलम्वनका क्षेत्रहरु | स्थानीय निकाय | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जिविस | नपा | गाविस | |
| १ | साझेदार संस्थाहरुलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त | ७५ | ३८ | १०५६ | |
| २ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा | ३८ | ३४ | ५२५ | |
| ३ | आफ्नो कुल पूँजिगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन सहितको लगानी योजना | ३४ | ३३ | ९८२ | |
| ४ | बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरुको निर्धारण | ४३ | २८ | ५२५ | |
| ५ | बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (इकाई/शाखा बनाउने वा सम्पर्क विन्दु तोक्ने) | ५३ | ४६ | ९८२ | |
| ६ | सम्बन्धित परिषद्बाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय | ६० | ४४ | ९८२ | |

*स्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वेभ बेस्ड रिपोर्ट, २०१५*

### १.२.६ बालमैत्री स्थानीय शासनबारे नेपाल सरकारले लिएको स्वामित्व

**(क) नेपालको संविधान**मा बालबालिकाको हक सम्बन्धी व्यवस्था भएको र यसमा बालमैत्री स्थानीय शासनका सूचकहरु सम्वोधन भएको ।

**(ख) नेपालको चौधौं योजना**को आधारपत्रमा यो विषय समावेश भएको । यस योजनाले बालबालिका तथा किशोरकिशोरीको हक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सक्षम र योग्य नागरिक बन्ने वातावरण निर्माण गर्ने सोच वनाएको । बालबालिकाका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा

मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण गर्ने लक्ष्य रहेको । बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्ने उद्देश्य रहेको ।

(ग) **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि**, २०६९ मा स्थानीय निकायको कूल पूजीँगत बजेटको कम्तिमा १० प्रतिशत बालबालिकाको क्षेत्रमा विनियोजन र लगानी गर्ने अनिवार्य व्यवस्था भएको छ ।

(घ) **बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति,** २०६८ अनुसार बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने स्थानीय निकायको कूल पूँजीगत बजेटको कम्तिमा १५ प्रतिशत वजेट विनियोजन सहितको बालबालिकाको लागि लगानी योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रावधान रहेको छ ।

(ङ) **बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधि**, २०७० अनुसार बालमैत्री स्थानीय निकाय घोषणा भएका नगरपालिका र गाउँ विकास समितिहरुलाई देहाय वमोजिमको सम्मान र पुरस्कार प्रदान गर्ने व्यवस्था छ ।

- जिल्ला विकास समितिबाट:जिल्ला विकास समितिका सभापतिबाट समेत हस्ताक्षर गरिएको कदर पत्र र नगद अनुदान रु. २,००,००० (दुई लाख) एकमुष्ट दिने व्यवस्था छ । यसले एकातर्फ जिविसको प्रतिवद्धता देखिन्छ भने अर्कोतर्फ नपा, गाविसलाई उत्प्रेरित समेत गरेकोछ ।

- नेपाल सरकारबाट: नेपाल सरकारका माननीय मन्त्रीद्वारा हस्ताक्षर गरिएको कदर पत्र दिने व्यवस्था रहेको छ । साथै नेपाल सरकारवाट स्थानीय निकायलाई जाने निशर्त पूँजीगत अनुदानमा १० प्रतिशत थप अनुदान (यस्तो अनुदान प्राप्त गर्न प्रत्येक ५/५ वर्षमा घोषणाको अनुगमन भई निर्धारित सूचकहरु प्राप्त गरेको हुनु पर्दछ) दिने व्यवस्था छ । यसैवीच सुनवल नगरपालिकाले गत आर्थिक वर्षमा १० प्रतिशत थप अनुदान प्राप्त गरेको थियो ।

(च) **बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले** बाल संरक्षणका सवालहरुलाई आवधिक योजनामा प्राथमिकता साथ समावेश गर्ने तथा बालमैत्री शासन प्रणाली विकासका लागि स्थानीय निकायहरुलाई बालवालिका सम्वन्धी कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन र आवश्यक निर्देशिका तयार गर्न सहयोग गर्ने नीति लिएकोछ ।

(छ) **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम:**बालमैत्री स्थानीय शासनलाई वहुसरोकारको विषय (cross cutting issue)को रुपमा लिई कार्यक्रममा समावेश गरिएको छ । जम्मा ९ वटा प्रतिफल मध्ये बालमैत्री स्थानीय शासन अवधारणालाई ३ वटामा प्रत्यक्ष र अन्यमा परोक्ष रुपमा सम्वोधन भएको छ । यो कार्यक्रमले विभिन्न २२ वटा लगानीका क्षेत्रहरु मध्ये बालमैत्री स्थानीय शासनलाई एक प्रमुख क्षेत्रको रुपमा लिएको छ र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनको लागि केन्द्रस्तरवाट स्थानीयस्तरमा बजेट र खर्चको अख्तियारी पठाउने व्यवस्था समेत मिलाएको छ ।

**(ज) कार्य सम्पादन सम्झौता:**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिविसका स्थानीय विकास अधिकारी र नगरपालिकाका कार्यकारी अधिकृतहरुसंग गरेको कार्यसम्पादन सम्झौतामा बालमैत्री गाविस, नगरपालिका घोषणा गर्ने सूचक समावेश भएको छ । यसरी स्थानीय तहको प्रशासनिक नेतृत्वलाई कार्यक्रमप्रति प्रतिवद्ध वनाएको छ ।

**(झ) जिल्ला परिषद, नगर परिषद र गाउँ परिषदवाट लिईएको स्वामित्व**

यी निकायहरुवाट बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी नीतिगत तथा कार्यक्रमगत रुपमा निर्णयहरु भै स्थानीय शासन पद्दतिमा मूलप्रवाहीकरणगर्ने प्रक्रियाको अभ्यास भएको छ ।

***उदाहरणको लागि***

*कपिलवस्तु जिल्लाको आ.व.२०७१/७२ को जिल्ला परिषदको* ***निर्णय नं. २६****ले“बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र कार्यान्वियन कार्यविधि, २०६८ को प्रावधान अनुसार जिल्लाका सबै गाविसहरुमा बालमैत्री स्थानीय शासनको अवलम्वन प्रक्रियालाई विस्तार गर्ने” निर्णय ।*

**(ञ) विषयगत मन्त्रालयद्वारा लिईएको स्वामित्व**

**विषयगत मन्त्रालयहरुमा:** स्वास्थ्य मन्त्रालयले अधिकांश बाल बचाउ सम्बन्धी सूचकहरुमा आफ्नो आवधिक तथा वार्षिक कार्यक्रम र वजेटमा समावेश गरी स्थानीय तहमा कार्य गर्दै आईरहेको अवस्था छ । यस्तै स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको सहभागिताको लागि स्वास्थ्य मन्त्रालयले एक परिपत्र जारी गरी बालबालिकाको प्रतिनिधित्व गराउने व्यवस्था समेत मिलाएको छ ।

शिक्षा मन्त्रालयले बाल विकास संग सम्वन्धित अधिकांश सूचकहरु आफ्नो आवधिक र वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गरी कार्य गर्दै आएको छ । त्यसैगरी विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिताको लागि शिक्षा मन्त्रालयले एक परिपत्र जारी गरी बालबालिकाको प्रतिनिधित्व गराउने व्यवस्था समेत मिलाएको छ । यस्तै मुलुकभर बालमैत्री विद्यालय कार्यक्रम संचालन भैरहेकोछ भने प्रारम्भिक बाल विकास केन्द्रको संचालन मन्त्रालयको प्राथमिकतामा रहेको छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल संरक्षणका क्षेत्रमा लक्षित गरी आफ्नो आवधिक र वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गरी कार्यान्वयन गरेको छ ।सडक बालबालिकाको उद्धार, संरक्षण एवं व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०७२ स्वीकृत भएको, सडक बालबालिका मुक्त काठमाडौं उपत्यका, बालबालिकाको बजेटका लागि Child Budget Codeतर्जुमा तथा बाल विवाह न्यूनीकरण सम्वन्धी राष्ट्रिय रणनीति तयार भै कार्यान्वयनमा आएको, सडक बालबालिकाको उद्धार, संरक्षण एवं व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०७२ स्वीकृत भै कार्यान्वयनमा आएको छ ।

गृह मन्त्रालय तथा स्थानीय प्रहरी प्रशासनद्वारा बाल संरक्षणको क्षेत्रमा नेतृत्व तथा समन्वयकारी भूमिका निर्वाह गर्दै बाल विवाहमा रोक, बाल श्रम न्यूनीकरण, बाल हिंसा नियन्त्रण जस्ता कार्यहरुमा संलग्नता भै रहेको छ ।

खानेपानी तथा सरसफाई मन्त्रालयले बाल बचाउसंग सम्बन्धित सूचकहरु विशेष गरी खानेपानी तथा सरसफाई, एक घर एक शौचालय निर्माण, विद्यालयहरुमा बालमैत्री शौचालय निर्माण जस्ता क्रियाकलापहरुमा कार्यक्रम तर्जुमाका साथसाथै बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

**(ज) दीगो विकास लक्ष्यमा बालमैत्री स्थानीय शासनः**

करिव २ करोड ७० लाख जनसंख्या मध्ये २३.८ प्रतिशत गरिवीको रेखामुनि रहेको र प्रति व्यक्ति आय अमेरिकी डलर ७१२ रहेको तथा मानव विकास सूचकांकमा १४५ औ स्थानमा रहेको नेपालको वर्तमान अवस्थालाई सुधार गर्नका लागि आगामी १५ वर्षका लागि प्रस्तावित दीगो विकासको लक्ष्यमा बालमैत्री स्थानीय शासनको भूमिका उल्लेख्य रहने देखिएको छ । यसमा बालमैत्री स्थानीय शासन सम्वद्ध सूचकहरुलाईसंख्यात्मक तथा गुणात्मक पक्षमा समेत ध्यान दिई परिमार्जन गर्न आवश्यक देखिएकोछ ।

## १.२.७ बालमैत्री कार्यक्रमबाट स्थानीय तहमा आएको नूतन सिकाई तथा निचोड

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनमा आए पश्चात स्थानीयस्तरमा केही सकारात्मक परिवर्तन आएको छ भने केही नयाँ सिकाई पनि भएको छ । साविकको प्रगतिनगर गाविस नेपालको पहिलो बालमैत्री गाविसको रुपमा घोषणा भएको थियो । यो गाविस हाल देवचुली नगरपालिकामा समावेश भएको छ । यस गाविसवाट भएका सिकाईहरुवाट देवचुली नगरपालिकामा समेत सकारात्मक प्रभाव पर्न जानेछ । मुख्य मुख्य सिकाईहरुमा स्थानीय समुदाय परिचालन र स्वयंसेवकहरुको भुमिका महत्वपूर्ण रुपमा रहेकोछ । बालमैत्री घोषणा भैसकेका स्थानीय निकायहरुवाट स्थानीयस्तरमा भएका यस्ता केही नूतन अभ्यास र सिकाइ मध्ये ४ वटा प्रसंगहरु तलको बक्समा दिईएकोछ ।

<u>बक्स १ः सुनवल नगरपालिकाको अभ्यास</u>

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनमा सुनवल नगरपालिकाले स्थानीयस्तरमा केही नयां अभ्यासहरु गरेको छ । यस्ता अभ्यासका कारण बालमैत्री अभियान सफल भैरहेको छ । खासगरी नगरपालिकाका प्रत्येक वडामा २/२ जनाका दरले स्वयंसेवकहरुको परिचालन गर्न सक्नु एक महत्वपूर्ण कार्य हो । यस्तै स्थानीय राजनैतिक दलहरुवाट यस अभियानको नेतृत्व लिई नगरपालिकाको कार्यमा सघाउ पुऱ्याउनु अर्को महत्वपूर्ण अभ्यास हो भने बालबालिकाको सक्रियता, नगरवासीको चासो, नगरपालिकाका कर्मचारी तथा सम्वद्ध विज्ञ र सहजकर्ताहरुको प्रतिवद्धता अर्को महत्वपूर्ण अभ्यास हो ।

विषयगत निकायसंग सम्बन्धित सूचकहरु पूरा गर्नमा सम्बन्धित विषयगत कार्यालयहरुको मुख्य भूमिका रहेको छ भने खासगरी बाल संरक्षणसंग सम्बन्धित सूचकहरु पूरा गर्न प्रहरी प्रशासन लागिपरेको छ । कतिपय सूचकहरु पूरा गर्न निजी क्षेत्रवाट पर्याप्त सहयोग प्राप्त भएको छ । यसरी विभिन्न सरोकारवाला निकायहरुको सहयोगमा नवलपरासी जिल्लाको सुनवल नगरपालिका आफुलाई नेपालको पहिलो बालमैत्री नगर घोषणा गर्न सफल भएको छ ।

**बक्स २: तेतरीया गाउँ विकास समितिको अभ्यास**

मोरङ जिल्लाको तेतरीया गाउँ विकास समितिले अर्को महत्वपूर्ण नमुना अभ्यास गरी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनमा सफलता प्राप्त गरेको छ । यस गाविसले वि.सं. २०६३ देखिनै खासगरी बाल संरक्षणको क्षेत्रमा आफ्नो ध्यान केन्द्रीत गरेको थियो । गाउँ गाउँमा बाल क्लव गठन गरी उनिहरुकै क्षमतामा कार्यक्रम संचालन गरिएको थियो । गाउँस्तरमा बाल संरक्षण उप-समितिले यस अभियानको नेतृत्व लिएको थियो । यसले बाल विवाह, वाल श्रम र बाल हिंसा विरुद्धको अभियान संचालन गरेको थियो । वि.सं. २०६८ मा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनमा आए पश्चात यस अभियानले व्यापकता पायो । बालमैत्री कार्ययोजना तर्जुमा गरी सम्बन्धित सरोकारवाहरुको प्रतिवद्धता सहित योजना कार्यान्वयन र अनुगमन पक्षलाई सुदृढ वनाउन सक्नु यो गाविसको सफलताको आधार हो ।

बाल क्लव/संजाल परिचालन र उनीहरुको क्षमता विकास, बाल स्रोत केन्द्र स्थापना र संचालन, स्वास्थ्य संस्थामा बालमैत्री कुनाको व्यवस्था, भित्तेलेखन र बाल विकास केन्द्रहरुको व्यवस्थापनमा प्राथमिकता तेतरीया गाविसका नयां अभ्यासहरु हुन् । गाविसको नेतृत्व, गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको सकृयता, स्थानीय सेवा केन्द्रहरुको सहयोग र जिल्ला विकास समितिको संरक्षणमा तेतरीया गाउँ विकास नेपालको पहिलो बालमैत्री गाविसको रुपमा रहन सफल भएको छ ।

**बक्स ३: विराटनगर उपमहानगरपालिकाको अभ्यास**

मोरङ जिल्लाको विराटनगर उपमहानगरपालिका बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न सक्षम उदाहरण हो । श्रमिक बालबालिकाहरुको समस्यावाट ग्रस्त यो नगरपालिकाले यिनै बालबालिकाहरुलाई आधार मानी बालमैत्री अभियान संचालन गरेको हो । खासगरी योजनावद्ध विकासको थालनी विराटनगरको नयां अभ्यास हो । “संमृद्ध, समुन्नत र व्यावसायिक शहर, सुसंस्कृत बालमैत्री हाम्रो नयाँ विराटनगर” भन्ने मूल नाराका साथ विराटनगर उप-महानगरपालिकाले वि.सं. २०६६ मा ५ वर्षे आवधिक योजना तर्जुमा गरी यसको सफल कार्यान्वयन गरिसकेकोछ । वि.सं. २०६२ देखिको पहिलो २ वर्षमा अध्ययन र अवधारणा विकास, त्यसपछिका २ वर्ष नीति र योजना तर्जुमा र २०६७ देखि योजना कार्यान्वयन गरेको विराटनगर उपमहानगरपालिका बालमैत्री नगर घोषणा भैसकेकोछ ।

सन् २००२ मा झण्डै १० हजार बालश्रमिक रहेको यस नगरपालिका क्षेत्रमा अहिले ५०० को हाराहारीमा मात्र बालश्रमिक रहेका छन् । यो सफलता प्राप्त गर्नमा नगरपालिकाको व्यवहारिक योजना, सक्षम नेतृत्व, बाल क्लवहरुको क्षमता र स्थानीय राजनैतिक नेतृत्व लगायत आम नगरवासीको प्रतिवद्धता रहनु मुख्य कारण रहेको छ । अनौपचारिक शिक्षा अभियान, सुनौलो भविष्य छनोट कार्यक्रम, श्रमिक बालबचत कार्यक्रम, श्रमिक बालक्लब र उद्धार र पुनर्स्थापना विराटनगरका नयां अभ्यासहरु हुन् । यस्तै स्थानीय होटल व्यवसायीहरुलाई बालमैत्री अभियानमा सरिक गराई नगर क्षेत्रका सबै होटललाई बालश्रममुक्त गर्न सकिएको उदाहरण विराटनगरले देखाएको छ ।

**बक्स ४: भिंग्री गाउँ विकास समितिको अभ्यास**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनमा सफलता हासिल गर्ने स्थानीय निकाय मध्ये प्यूठान जिल्लाले विशेष स्थान बनाएकोछ । यस जिल्लाको भिंग्री गाविसले वि.सं. २०६६ देखि बालबालिका केन्द्रीत कार्यक्रम संचालनगरिरहेकोछ । बालबालिकाहरुको शैक्षिक अवस्था कमजोर रहेको यस गाविसले शुरुको अवस्थामा विद्यालय केन्द्रीत कार्यक्रमहरु संचालन गरी अभिभावकहरुको सहयोग जुटाएको हो । यसवाट बालबालिकाको शैक्षिक अवस्थामा सुधार आउनाका साथै बालमैत्री पूर्वाधारहरु समेत तयार भै विद्यालयहरु बालमैत्री घोषणा भएका छन् । यसवाट बाल विकासका सूचकहरु पूरा हुनगै विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्थानीय राजनैतिक दल, विद्यार्थी, अभिभावक र सहयोगी निकायहरुको समेत सहयोग र समन्वय विकास हुन सकेका कारण भिंग्री गाविसले आफुलाई बालमैत्री घोषणा गर्न सफल भएको हो । यसरी आफ्नो प्रमुख समस्यालाई सम्वोधन गर्ने योजना वनाउन सकेमा स्थानीय सहभागिता वृद्धि गर्न सकिने र अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अनुभव यस गाविसको रहेको छ ।

पछिल्लो समय खासगरी वि.सं. २०७० देखि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुरुप बालमैत्री स्थानीय शासन अवलम्वन गरी बालसहभागिता र संस्थागत क्षमता विकासमा सफलता प्राप्त भएकोछ । स्थानीय शासन पद्धतिका विभिन्न संरचना र कार्यक्रमहरुमा बाल संजालको संस्थागत सहभागिता विकास हुनुलाई भिंग्री गाविसको सफल अभ्यासको रुपमा लिन सकिन्छ ।

सन् २०२० सम्ममा प्यूठान जिल्लालाई बालमैत्री घोषणा गर्ने जिल्लास्तरीय सरोकारवाला र राजनैतिक दलको प्रतिवद्धता रहेको र यसै आधारमा जिल्लास्तरीय बालमैत्री रणनीतिक योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्न सफल भएको प्यूठान जिल्ला र भिंग्री गाविसको अभ्यास अन्य जिल्लाहरुले समेत अनुसरण गर्न सक्ने अवसर प्राप्त भएको छ ।

बालमैत्री स्थानीय शासनका प्रमुख सिकाईहरु

- बालमैत्री स्थानीय शासनलाई पूर्ण सफल बनाउन स्थानीय निकायलगायत सेवाप्रदायक विषयगत कार्यालयको कानुनी शासन, जवाफदेहिता,पारदर्शिता र सहभागिताजस्ता सुशासनका आधारभूत कुरा हुन् ।
- बालमैत्री स्थानीय निकाय अवलम्बन गरेपछि सामाजिक तथा सामुदायिकपरिचालनका संयन्त्रहरूलाई स्थानीय आवश्यकतालाई मौलिक ढंगलेसम्बोधन गर्ने गरी विकास गर्दै सहकार्य र परिचालन गर्न सकिने अवस्थादेखिएको छ ।
- केन्द्रदेखि स्थानीय तहसम्म तहगत तेर्सो तथा ठाडो समन्वय र सहकार्यकालागि भएका संयन्त्रको नियमित बैठक, नीतिगत स्पष्टता र अनुगमन रनिर्देशनको आवश्यकता पर्ने देखिएको छ ।
- अधिकार तथा स्रोत-साधनको पूर्ण निक्षेपण (Devolution) नै बालमैत्रीस्थानीय शासनको मूल मर्म हो । यसैले नेपालको संविधानबमोजिम स्वायत्ततासहितको स्थानीय तह र निक्षेपणको व्यवस्थाहुन सकेमा बालमैत्री स्थानीय शासन प्रकृयालाई थप तिब्रता दिन सकिने अपेक्षा गरिएको छ ।
- निर्वाचित स्थानीय निकाय, सिर्जनशील इच्छाशक्ति जिम्मेवारीप्रति प्रतिबद्धनेतृत्व यसको सफल कार्यान्वयनको अर्को सर्त हो ।

- सुसूचित नागरिकबाट मात्र माग पक्ष सबल हुने र सेवाप्रदायक आपूर्ति पक्षजवाफदेही बनाउन सकिने देखिएको छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनवाट प्राप्त भएका यस्ता सफलता, सिकाई र नूतन अभ्यासहरुलाई आधार मान्दै यस पद्धतिलाई विस्तार गर्न लागिएको हो । यसका लागि सहज वातावरण सृजना, स्पष्ट दिशानिर्देश र कार्यान्वयन पद्धतिमा एकरुपता कायम गर्न यो बालमैत्री स्थानीय शासन विस्तार योजना तयार गरिएको छ ।

# परिच्छेद दुई : बालमैत्री स्थानीय शासन विस्तार योजनाका अवयव र सिद्धान्तहरु

## २.१ बालमैत्री स्थानीय शासन विस्तार योजनाका अवयवहरु

यो विस्तार योजना देहायका ४ वटा प्रमुख अवयवहरुमा (key elements)आधारित भै कार्यान्वयनमा आउनेछ ।

### २.१.१ विस्तारको लागि उपयुक्त वातावरण निर्माण (Enabling Environment)

कार्यक्रम विस्तारको लागि स्थानीय नेतृत्वलाई सहभागी गराउने, केन्द्रीय सम्पर्क मन्त्रालयको भूमिका थप क्रियाशिल पार्ने, मुख्य मुख्य क्रियाकलापसंग सम्वन्धित विषयगत मन्त्रालय र ती मातहतका कार्यालयहरुवाट तर्जुमा तथा कार्यान्वयन हुने कार्यक्रम यो विस्तार योजनासंग आवद्ध गराउने । स्थानीय निकाय र स्थानीय प्रशासनिक इकाईका नेतृत्वलाई सक्रिय गराउने, गैससंग समन्वय, सहयोग र परिपूरक सम्वन्ध विकास गरी उपयुक्त वातावरण निर्माण गरिनेछ ।

### २.१.२ कार्यान्वयन निकायको क्षमता अभिवृद्धि तथा जनशक्ति (Key Resource Team& Capacity Building)

यो विस्तार योजनाको कार्यान्वयनका लागि संलग्न निकाय, पदाधिकारी तथा सम्वद्ध जनशक्तिको क्षमता विकास यसै योजनाको बुँदा नं४.४ मा उल्लेख भए वमोजिम गरिनेछ ।

### २.१.३मुख्य नेतृत्वदायी निकाय (Lead Organization)

यो योजना कार्यान्वयनको नेतृत्व र समन्वय गर्ने मुख्य भुमिका संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय तहको हुनेछ । यस सम्वन्धी विस्तृत विवरण यसै योजनाको बुँदा नं ४.१ मा उल्लेख गरिएको छ ।

### २.१.४प्रमुख स्रोत समुह (Key Resource Team)

प्रमुख स्रोत समुहको रुपमा यो योजना कार्यान्वयन गर्ने विषयगत मन्त्रालय अन्तरगतका विज्ञहरु, स्थानीय तहका स्रोत व्यक्तिहरु, गैर सरकारी क्षेत्रका विज्ञहरु समेत भएको एक स्रोत समुह (Resource Pool)खडा गरी यसलाई प्रमुख स्रोत समुहको रुपमा क्षमता विकास गरिविश्वविद्यालय र अन्य प्राज्ञिक संस्थाका साथै सम्बद्ध तालिम केन्द्रहरुलाई विस्तारमा संलग्न गराईनेछ । यसका लागि यस्ता स्रोत समुहले व्यक्तिगत तथा संस्थागत रुपमा बालमैत्री स्थानीय शासनको प्राविधिक टोलीको रुपमा समेत कार्य गर्नेछन् । हाल केन्द्र, क्षेत्र, तथा स्थानीय तहमा कार्यरत स्रोत व्यक्ति तथा संस्थाहरु संघीयता कार्यान्वयन हुँदाका अवस्थामा केन्द्र, प्रदेश र स्थानीय तहसंग आवद्ध भै कार्य गर्नेछन् ।

## २.२ बालमैत्री स्थानीय शासन विस्तार योजनाका सिद्धान्तहरु

यो विस्तार योजना देहायका ४ वटा सिद्धान्त **(Four Principles)**मा आधारित भै कार्यान्वयनमा जानेछ ।

### २.२.१ दिगोपनको सिद्धान्त(Principle of Sustainability)

बालमैत्री स्थानीय शासन पद्धति स्थानीय तहको एक अभिन्न कार्य पद्धतिको रुपमा विकसित भएको हुनेछ । स्थानीय निकायले अवलम्वन गर्ने नीति तथा कार्यक्रममा यो अवधारणालाई समावेश गरी स्रोतको समुचित व्यवस्थापनका माध्यमद्वारा दिगोपना कायम गरिनेछ । बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा हाल सेवा पुर्‍याईरहेका संस्था र विज्ञ तथा अभियन्ताहरुको कार्यलाई यो विस्तार योजना कार्यान्वयनमा निरन्तरता दिईनेछ ।

### २.२.२ सफलताबाट सिकाईको सिद्धान्त (Principle for Factors of Success)

विस्तार योजना एक स्थानीय तहको सफलतालाई अर्कोले आधार समेत मानी अन्य तहले आफ्नो अवस्था र परिवेशका आधारमा परिमार्जन गरी सफलताका कथाहरु साटासाट गरी अवलम्वन गर्ने सिद्धान्तमा आधारित हुनेछ । यसका लागि उल्लेख्य नमुनाहरु कार्ययोजनामा समावेश गरिनेछ ।

### २.२.३ मानव अधिकारः लैङ्गिक समानता, सशक्तिकरण र समावेशीकरणको सिद्धान्त(Principle of Human Rights: GenderEquality, Empowerment and Inclusion)

विस्तार योजना कार्यान्वयनको क्रममा मानव अधिकारः लैङ्गिक समानता, सशक्तिकरण तथा समावेशीकरणका पक्षलाई समेटिनेछ । यसले महिला तथा किशोरी सशक्तिकरण र बाल अधिकारका पक्षलाई सम्वोधन गर्न सघाउनेछ ।

### २.२.४ प्रमुख अवयवहरु विचको सन्तुलनको सिद्धान्त(Principle of Balancing Key Elements)

विस्तार योजना कार्यान्वयन गर्दा यस योजनाको अवयवको रुपमा रहेका उपुक्त वातावरण निर्माण, नेतृत्वदायी निकाय, कार्यान्वयन निकाय तथा प्रमुख स्रोत समुह सम्वद्ध तत्वहरुवीच सन्तुलित व्यवस्थाको सिद्धान्त अवलम्वन गरिनेछ । यसवाट समन्वय र सन्तुलन दुवै वढ्ने विश्वास गरिएको छ ।

## २.३ बालमैत्री स्थानीय शासन विस्तारका तहहरु

१. भौगोलिक क्षेत्र विस्तारका लागि वातावरणीय पक्ष र योजना प्रक्रियाको विश्लेषण गर्ने ।
२. एक स्थानीय तहवाट सिकिएको सिकाईलाई आफ्नो योजनामा समावेश गरी विस्तार गर्ने ।
३. विस्तार योजना कार्यान्वयनका लागि नेतृत्वदायी निकायका सम्वद्ध पक्षको क्षमता अभिवृद्धि गर्ने ।
४. विस्तार योजना कार्यान्वयन हुने हरेक स्थानीय तहमा स्रोत समुहको सूची तयार गरी उक्त स्रोत समुहको क्षमता अभिवृद्धि गर्ने ।
५. वैकल्पिक रणनीतिहरुको छनौटका विकल्पहरु तयार गरी योजना कार्यान्वयन गर्न आवश्यक भएको अवस्थामा संघीय/प्रदेश तहको सहयोगवाट विस्तारगर्न सघाउने ।

६. स्थानीय परिवेश र वेग्लै आवश्यकताका आधारमा थप बैकल्पिक क्रियाकलाप संचालन गर्न आवश्यक भएमा स्थानीय तहको सहयोगवाट विस्तार गर्न सघाउने ।

७. विस्तार योजनालाई अन्तिम रुप दिई कार्यान्वयनमा लैजाने ।

# परिच्छेद तीन : बालमैत्री स्थानीय शासनको विस्तार योजना

## ३.१ पृष्ठभूमि

वि.सं २०६८ को श्रावण देखि २०७३ आषाढ मसान्त सम्म जम्मा ५ वर्षको अवधिमा भएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन पश्चात माथि परिच्छेद १ मा गरिएको प्रगति समीक्षा तथा स्थानीय तहमा यो अवधारणा प्रति भएको सकारात्मक सोचाई एवं मागको आधारमा बालमैत्री स्थानीय शासनको विस्तार योजना बनाईएको छ ।

## ३.२ चुनौती र अवसर

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ लाई सबै स्थानीय तहमा कार्यान्वयनमा लैजान देहायको चुनौती तथा अवसरहरु देखा परेका छन् ।

### ३.२.१ चुनौती

सबै बालबालिका र किशोरकिशोरीहरुलाई आधारभूत अधिकार उपभोगमा सामेल गराउनु, सम्बन्धित निकाय तथा मन्त्रालयहरूबीच बालबालिका र किशोरकिशोरीसम्बन्धी कार्यक्रमहरूमा समन्वय तथा सहकार्य गराई काममा दोहोरोपना हटाउनु, बालमैत्री स्थानीय शासनलाई विषयगत मन्त्रालय र अन्य सरोकारवालाहरुवाट संचालन हुने तालिम पाठ्यक्रममा एकीकृत गर्नु, बालमैत्री स्थानीय शासन पद्धतिवारे स्थानीय तहको नेतृत्वलाई बोध गराउने, बालमैत्री अवधारणाको विस्तारमा विकास साझेदार र गैससहरुको भुमिका विस्तार गर्नु, बाल संरक्षण प्रणाली र बालमैत्री स्थानीय शासन पद्धतिलाई पूर्ण रूपमा व्यवहारमा उतार्नु, बालबालिका तथा किशोरकिशोरीमाथि हुने हिंसा एवं परम्परागत हानिकारक प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु, व्यवस्थित अभिलेखीकरणको न्यूनताका कारण बाल संरक्षण र बाल सहभागिता सम्बन्धी तथ्यांक संकलन र प्रकाशन गर्ने जस्ता विषय यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले मुख्य छ वटा कार्य गरेमा सो प्रकृयाको अवलम्वन हुने भएको र ३९ सूचक र सबै प्रक्रिया पूरा गरेपछि घोषणा गर्ने विषय प्रष्टसंग समावेश गरे तापनि ती सूचकहरु उपरको प्रगतिको स्थिति वारे विभिन्न स्थानीय तहले प्राप्त गरेको नतिजाको तहगत अवस्था थाहा पाउने चुनौती भने कायमै रहेको छ ।

स्थानीय निकायहरुको पुनर्संरचना सम्बन्धी कार्य भैरहेको हालको अवस्थामा स्थानीय तह गठन हुँदा विद्यमान गाविस, नगरपालिका र जिविसको सट्टा गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति रहने व्यवस्था छ । यसर्थ एक वृहत अवधारणाको रुपमा रहेको बालमैत्री स्थानीय शासन लाई निश्चित समय भित्र सबै स्थानीय तहमा विस्तार गराउनु एक चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ ।

### ३.२.२ अवसर

बालबालिका तथा किशोरकिशोरीहरूको शिक्षामा उल्लेख्य सहभागिता हुनु, स्वास्थ्य क्षेत्रका सूचकहरुमा सुधार हुनु, बालबालिकाको हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति हुनु, स्थानीय निकायबाट बालहित कार्यक्रम सञ्चालन हुनु, बालअधिकारप्रति सचेतनामा वृद्धि हुनु, बालहितको लागि सरकारी निकायहरूबीच समन्वय हुनु, बालमैत्री स्थानीय निकाय घोषणा हुनु, सडक बालबालिकाको उद्धार, राहत तथा मनोविमर्श र पारिवारिक पुर्नमिलन, पुनर्एकीकरण तथा पुनर्स्थापनाको लागि बाल हेल्पलाइन सुरु हुनु, हराएका बालबालिकाको खोजतलास गर्न बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क टेलिफोन सेवा निरन्तर सञ्चालन हुनु र बाल इजलास गठन हुनु तथा अधिकांश स्थानीय निकायहरुले बालमैत्री स्थानीय शासन लागू गर्न र यस रणनीतिलाई अवलम्वन गर्न इच्छा व्यक्त गर्नु जस्ता विषयहरू यसक्षेत्रका अवसरहरू हुन् ।

स्थानीय तहमा जाने केन्द्रीय अनुदानकोबजेट पछिल्लो वर्ष वृद्धि भएको र यो क्रम भविश्यमा पनि कायम रहन सक्ने, नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको स्वरुपको रुपमा स्वीकार गरी अधिकारको सूची समेत निर्धारण गरी स्थानीय कर, शुल्क, दस्तुर, दण्ड जरिवाना र पोत संकलनको अधिकार समेत प्रदान गरेको  हुँदा स्थानीय तहमा स्रोत वृद्धि हुदै जाने अपेक्षा गर्न सकिन्छ ।

## ३.३ उद्देश्य

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन विस्तार गरी आगामी ४ वर्ष भित्रमा मुलुकका ५० प्रतिशत स्थानीय तहहरुमा बालमैत्री स्थानीय शासन अवलम्वन (Adoption)भै कम्तिमा १५ प्रतिशत स्थानीय तह बालमैत्री घोषणा भएका हुने ।

## ३.४ भौगोलिक क्षेत्र विस्तार

बालमैत्री स्थानीय शासन मुलुकका सबै प्रदेश र क्रमिक रुपमा सबै स्थानीय तहमा विस्तार हुने गरी यो विस्तार योजना तयार गरिएको छ ।

## ३.५ क्षेत्र विस्तारको परिमाणात्मक लक्ष्य

बालमैत्री स्थानीय शासन को विस्तार योजना(आ.व. २०७३/७४ देखि २०७६/७७)को लागि मूलभुत रुपमा देहायका २ वटा (अवलम्वन र घोषणा) पद्धतिमा आधारित भई देहाय वमोजिमका परिमाणात्मक लक्ष्य[4] राखिएको छ ।

*[4]विगतको स्वामित्व ग्रहणको प्रवृत्ति, योजना अवधिमा सवै तहलाई समेट्ने ध्यय र सरोकारवालाहरुको प्राथमिकता एवं प्रतिवद्धताको आधारमा यो लक्ष्य निर्धारण गरिएको छ ।*

### ३.५.१ अवलम्वनको लक्ष्य

**तालिका ५: बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने स्थानीय तहहरु**

| क.सं. | अवलम्वनका क्षेत्रहरु | पूरा गर्ने स्थानीय तह[5] (प्रतिशतमा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जिल्ला | नगरपालिका | गाउँपालिका | |
| १ | साझेदार संस्थाहरुलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त | १०० | १०० | ७५ | |
| २ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा | १०० | १०० | ७५ | |
| ३ | आफ्नो कुल पूँजिगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन सहितको लगानी योजना | ६० | ८० | ६० | |
| ४ | बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरुको निर्धारण | ७५ | ८० | ६० | |
| ५ | बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (इकाई/शाखा बनाउने वा सम्पर्क विन्दु तोक्ने) | १०० | १०० | ७५ | |
| ६ | सम्बन्धित परिषद्बाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय | १०० | १०० | ७५ | |
| ७ | बालमैत्री स्थानीय शासन अवलम्वन पुरा गर्ने | ५० | ५० | ५० | |

[5] नेपालको संविधानको धारा २२० वमोजिम जिल्ला सभा र जिल्ला समन्वय समिति गठन हुँदा हुने पुनर्संरचना वमोजिम जिविसको भूमिका परिवर्तित स्वरुपमा जानेछ। भूमिका परिवर्तन भएको अवस्थामा नगरपालिका, गाउँपालिका र विषयगत निकाय संगको समन्वय र संजाल निर्माण, बालमैत्री स्थानीय शासन समितिहरुको सक्रियता अभिवृद्धि, बाल क्लव तथा संजालको क्षमता विकास, जिल्लस्तरको बाल भेला संचालन जस्ता कार्यहरु जिल्ला समन्वय समितिको जिम्मेवारीमा आउनेछ, सो नहुदा सम्मका लागि बालमैत्री स्थानीय शासन जिल्ला समितिले जिल्लास्तरको कार्य गर्नेछ। साथै हाल संचालनमा रहेका नगरपालिका र गाविस तहका क्रियाकलापहरु स्थानीय तहको पुनर्संरचना भै कायम हुने क्रमशः नगरपालिका र गाउँपालिकामा स्वतः रुपान्तरित भै कार्यान्वयनमा आउनेछ।

### ३.५.२ घोषणाको लक्ष्य

बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने स्थानीय तह मध्ये देहायको तालिकामा उल्लिखित परिमाणमा स्थानीय तहवाट बालमैत्री स्थानीय शासनको लागि तोकिएका सूचक एवं प्रक्रिया पूरा गरी आफुलाई बालमैत्री स्थानीय तहको रुपमा घोषणा गरेका हुनेछन् ।

**तालिका ६: बालमैत्री स्थानीय तह घोषणा संख्या**

| विवरण | लक्ष्य | कैफियत |
|---|---|---|
| बालमैत्री स्थानीय तहघोषणा कार्यविधिका सबै सर्तहरु पूरा गरी बालमैत्री घोषणा हुने स्थानीय तह | न्यूनतम १५ प्रतिशत | |
| न्यूनतम् ३९ सूचक (पछि थपघट भएमा सोही अनुसार हुने) पूर्ण रुपमा पूरा गर्ने स्थानीय तह | २० प्रतिशत | खुड्कीला, प्रतिफल र प्रक्रिया पुरा नभएको तर सूचक पुरा भएको अवस्था |
| ८० प्रतिशत भन्दा वढी सूचक पूरा गर्ने स्थानीय तह | ३० प्रतिशत | प्रत्येक क्षेत्रमा कम्तिमा ३, ३ वटा सूचकहरु प्राप्त भएको |
| ५० देखि ८० प्रतिशत सूचक पूरा गर्ने स्थानीय तह | २० प्रतिशत | प्रत्येक क्षेत्रमा कम्तिमा २, २ वटा सूचकहरु प्राप्त भएको |
| ५० प्रतिशत भन्दा कम सूचक पूरा गर्ने स्थानीय तह | अधिकतम् १५ प्रतिशत | |

## ३.६बालमैत्री स्थानीय शासन कार्यान्वयनको रणनीति

१. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको पालना गर्ने ।
२. साझेदार एवं सरोकारवाला निकायहरु वीचको समन्वय र सहकार्य वृद्धि गर्ने ।
३. बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी बालबालिकाकालाई आवश्यक आधारभूत सेवा सुनिश्चित गर्ने ।
४. विषयगत मन्त्रालय/निकायहरुले आ-आफ्नो कार्यक्षेत्र भित्रका सूचक प्राप्तिको लागि जिम्मेवारी लिने ।
५. बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने ।
६. बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार र उपेक्षा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।
७. सूचना र संचारको माध्यमवाट व्यवहार परिवर्तन गरी सार्वजनिकस्थल, घरपरिवार र समुदायमा बालमैत्री आचरण अवलम्वन गर्ने वातावरण सृजना गर्ने ।

८. सरकारी, गैर सरकारी, निजी क्षेत्र, स्थानीय तह र विकास साझेदारहरुको सहयोग, सहभागिता र समन्वयमा विस्तार योजना कार्यान्वयन गर्ने ।

## ३.७ बालमैत्री स्थानीय शासन कार्यान्वयनको कार्यनीति

१) गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ । गर्भावस्थादेखि जन्मपश्चात् उपलब्ध गराइने स्वास्थ्य जाँच, खोप, भिटामिन ए, पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवामा गर्भवती आमा र बालबालिकाको पहुँच वढाईनेछ ।

२) बालमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्दा अपाङ्गता भएका बालबालिकाको सवालहरु सम्वोधन हुने गरी कार्य गरिनेछ ।

३) स्थानीय तहवाट बालबालिकाको क्षेत्रमा विनियोजन हुने बजेटको ४० प्रतिशत बालमैत्री पूर्वाधारनिर्माण र व्यवस्थापनमा लगानी हुने व्यवस्था मिलाईनेछ ।

४) बाल विवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रम विस्तार गर्नुका साथै यस सम्बन्धी कानूनी व्यवस्थाहरुलाई कडाइका साथ पालना गर्ने गराइनेछ ।

५) निकृष्ट प्रकारको बालश्रमलाई क्रमशः न्यूनीकरण गर्दै यसलाई निषेध गरिनेछ ।

६) बालबालिकाको जन्मदर्ता अनिवार्य गरी प्रारम्भिक बालविकास प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७) उमेर र परिपक्वताको आधारमा १२ देखि १८ वर्षका बालबालिका र किशोरकिशोरीहरूलाई आफूसँग सम्बद्ध विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर मिलाई स्थानीय शासनका विभिन्न तहको निर्णय प्रक्रियामा बालबालिका र किशोरकिशोरीहरुको सहभागिता अभिवृद्धि गरिनेछ ।

८) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेपाल सरकार, स्थानीय तह, विकास साझेदार, गैसस, निजी क्षेत्र र स्थानीय सहभागितामा वित्तिय, मानवीय र भौतिक स्रोत वृद्धि गरिनेछ । यसको लागि सम्भावित विकल्पहरुको खोजी गरिनेछ ।

९) भौगोलिक अवस्थिति र जनसङ्ख्याको आधारमा प्रचलित भवन संहिता अनुसार निर्माण हुने स्थानीय स्वास्थ्य संस्था, विद्यालय भवन, प्रारम्भिक बाल विकास केन्द्र र सामुदायिक संरचनाहरू अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्पप्रतिरोधी बनाइनेछ ।

१०) विश्वविद्यालय र शैक्षिक संस्थाका गतिविधि र अध्ययन अनुसन्धान कार्यहरुमा बालमैत्री स्थानीय शासन पद्धतिलाई आवद्ध गरिनेछ ।

११) स्थानीय निकाय, सेवा प्रदायक संस्था, राष्ट्रिय देखि समुदाय तह सम्मका बालमैत्री स्थानीय शासन समितिहरु, बालक्लव तथा यिनको सञ्जाल र स्थानीय सामुदायिक संस्थाहरुको क्षमता विकास र महिला तथा किशोरकिशोरीहरुको सशक्तिकरण गरी बालमैत्री स्थानीय शासन पद्धतिको सुदृढीकरण गरिनेछ ।

१०) बालमैत्री व्यवहार अवलम्वन गरी बालबालिकाहरूलाई छिटो र छरितो रुपमा सेवा प्रवाह गर्न सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धिका साथै सोको अनुगमन र समन्वय गर्ने निकायको सुदृढीकरण गरिनेछ ।

११) बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास गर्दै बालमैत्री स्थानीय निकाय घोषणा गर्न सबै स्थानीय तह/निकाय लाई प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

# परिच्छेद चार : बालमैत्री स्थानीय शासन विस्तार योजनाका क्षेत्रहरु

## ४.१ विस्तारको लागि उपयुक्त वातावरण निर्माण

कार्यक्रम विस्तारको लागि स्थानीय नेतृत्वलाई सहभागी गराउने, संघमा सम्पर्क मन्त्रालयको भूमिका लाई थप क्रियाशिल पार्ने, मुख्य मुख्य क्रियाकलापसंग सम्वन्धित विषयगत मन्त्रालय र ती मातहतका कार्यालयहरुवाट तर्जुमा तथा कार्यान्वयन हुने कार्यक्रमहरुलाई यस विस्तार योजनासंग आवद्ध गराइनेछ । साथै कार्यक्रम विस्तार गर्न स्थानीय निकाय र स्थानीय प्रशासनिक इकाईका नेतृत्वलाई सक्रिय गराइने र गैससंग समन्वय, सहयोग र परिपूरक सम्वन्ध विकास गरी उपयुक्त वातावरण निर्माण गरिनेछ ।

### ४.१.१ राजनैतिक नेतृत्वको भूमिका (स्थानीय तहमा)

स्थानीय तहको राजनैतिक नेतृत्ववाट कार्यक्रमको स्वामित्व ग्रहणको लागि विभिन्न छलफल, अवलोकन र अन्तरक्रियाका माध्यमवाट सूचना प्रवाह एवं कार्यक्रा वारे जानकारी दिई स्वामित्व वढाईनेछ ।

### ४.१.२ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको भूमिका

नीति, कार्यक्रम, बजेट, उत्प्रेरणा, समन्वय, थप अनुदान, अनुगमन, मूल्यांकन गर्ने गराउने । प्रादेशिक सरकार गठन भै कार्य संचालन नगर्दा सम्म उक्त तहवाट हुने कार्यहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संचालन गर्नेछ । साथै तालिका ८ मा उल्लिखित केन्द्रीय उत्प्रेरणाद्वारा विस्तार हुने कार्यक्रमको वारेमा सहजीकरण, नेतृत्व र कार्यान्वयनको भूमिका निर्वाह गर्ने ।

### ४.१.३ विषयगत मन्त्रालयहरुको भूमिका

विषयगत मन्त्रालय खासगरी स्वास्थ्य मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, गृह मन्त्रालय (स्थानीय प्रशासन र प्रहरी प्रशासन), श्रम तथा रोजगार मन्त्रालय, खोनपानी तथा सरसफाई मन्त्रालय र शहरी विकास मन्त्रालयहरुको विशेष भूमिका रहनेछ । यी निकायहरुमा प्राविधिक सहयोग प्रदान गर्ने तथा सम्वन्धित सूचक सम्वद्ध कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी रहनेछ । साथै यस्ता निकायहरुले मातहतका प्रशिक्षण केन्द्रहरुवाट संचालन हुने तालिमहरुमा बालमैत्री स्थानीय शासन सम्वद्ध विषयलाई एकीकृत गर्ने व्यवस्था मिलाउनेछन् ।

### ४.१.४ राष्ट्रिय योजना आयोगको भूमिका

राष्ट्रिय योजना आयोगद्वारा विस्तार योजनाको कार्यान्वयनका लागि सहयोग पुऱ्याउने गरी नीतिगत व्यवस्था मिलाई सोही वमोजिम बजेट सिलिङ र मार्गदर्शन प्रदान हुनेछ ।

### ४.१.५ अर्थ मन्त्रालयको भूमिका

अर्थ मन्त्रालयले यो योजनाको कार्यन्वयनका लागि स्रोत व्यवस्थापनमा सघाउनुका साथै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तरगत बालबालिकाका सवाललाई सम्वोधन गर्नको लागि एउटा छुट्टै बजेटको उप शिर्षक खडा गरी बजेट विनियोजनको व्यवस्था मिलाउनेछ ।

### ४.१.६ स्थानीय तहको नेतृत्वको भूमिका

कार्यक्रमको समग्र स्वामित्व, समन्वय र सहकार्य(निजी, सामुदायिक तथा संचार क्षेत्र समेत) मा स्थानीय तहले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछन् ।

### ४.१.७ विकास साझेदारहरुराष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको भूमिका

योजना कार्यान्वयनमा प्राविधिक तथा आर्थिक सहयोग, सामुदायिक परिचालन, कार्यक्रम साझेदारी र प्रगति प्रतिवेदनका साथै सूचना अभिलेखमा बालमैत्री स्थानीय शासन समिति मार्फत दोहोरोपना नहुने गरी सहयोग गर्ने ।

### ४.१.८ निजी क्षेत्रको भूमिका

यो विस्तार योजना कार्यान्वयन खासगरी बाल श्रम, शोषण, दुर्व्यंवहार जस्ता बाल संरक्षण सम्वन्धी विषयहरुमा समन्वय, सहकार्य र सूचना अभिलेखमा बालमैत्री स्थानीय शासन समिति मार्फत निजी क्षेत्र परिचालनमा सहयोग गर्नेछन् ।

## ४.२ विस्तारको लागि नीतिगत व्यवस्था

यो रणनीतिक अवधारणाको विस्तारका लागि स्थानीय निकायलाई प्रोत्साहन तथा बालबालिका र महिलाको हीत प्रवर्द्धन गर्नको लागि थप योजना जस्ता कार्यहरु नीतिगत तहमा गर्न आवश्यक देखिएको छ ।

### ४.२.१ मौजुदा नीतिको समीक्षा तथा नयाँ नीति तर्जुमा

यस विस्तार योजना कार्यान्वयनको अवधिमा मौजुदा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र हालसम्म भएका प्रगति, समस्या र चुनौतीहरुको विज्ञद्वारा समीक्षा गराई आवश्यक परिमार्जन गरिनेछ । प्रदेश तहमा निर्माण हुने स्थानीय शासन सम्वन्धी ऐन, नियमहरु तर्जुमा गर्दा बालमैत्री स्थानीय शासन सुदृढीकरण सम्वन्धी विषयहरु समावेश गर्न अभिप्रेरित गरिनेछ । साथै प्रादेशिक तहमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने नीतिगत व्यवस्था मिलाईनेछ ।

### ४.२.२ कार्यसम्पादनमा आधारित प्रोत्साहन

स्थानीय निकाय तथा केन्द्रीय सरकारको कार्य सम्पादन सम्झौतामा "यो विस्तार योजना कार्यान्वयन गर्नुपर्ने" बुँदा समावेश गरिनेछ । साथै यो विस्तार योजना कार्यान्वयन गर्ने स्थानीय निकायलाई थप अनुदान उपलब्ध गराउने गरी व्यवस्था मिलाईनेछ ।

### ४.२.३ प्रकोप पश्चातको स्थानीय पुनर्स्थापना योजना निर्माण

विगतमा भोगेका कठिनाई र अप्ठ्याराहरुको अनुभववाट विभिन्न प्राकृतिक एवं मानवीय प्रकोपवाट प्रभावित हुनेहरुको ठूलो हिस्सा महिला र बालबालिकाहरु रहेको देखिएकाले संरक्षण क्लष्टर (protection cluster)संगको समन्वयमा प्रकोप पश्चातको पुनर्स्थापना योजना भौगोलिक अवस्थाको आधारमा तर्जुमा गरी कार्यान्वयमा ल्याईनेछ । साथै यस्तो पुनर्स्थापना योजना निर्माणको सूचक थप गरिनेछ ।

## ४.३ स्रोत व्यवस्थापन

बालमैत्री स्थानीय शासन विस्तार योजना कार्यान्वयनको लागि हालको स्रोत व्यवस्थापनलाई विश्लेषण गरी आन्तरिक तथा वाह्य स्रोत व्यवस्थापन र परिचालन गरिनेछ । बालमैत्री स्थानीय शासन समितिलाई साझा कार्यथलोको रुपमा विकास गरी विषयगत निकाय र अन्य साझेदारहरुको सहयोग र स्रोत समेत परिचालन गरी यो योजना कार्यान्वयन हुनेछ ।साथै यो विस्तार योजना कार्यान्वयन र खासगरी बालमैत्री पूर्वाधार निर्माणका लागि निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम समेत परिचालन गर्न प्रोत्साहित गरिनेछ । विषयगत निकायले आ-आफ्नो बजेट मार्फत कार्यक्रम तय गर्नेछन् ।

### ४.३.१ विस्तारको लागि बजेट

बालमैत्री स्थानीय शासन विस्तार योजना कार्यान्वयनको लागि यस योजनामा उल्लिखित क्रियालापको हकमा यसै योजनामा उल्लेख गरिएको बजेट व्यवस्थापन केन्द्र, प्रदेश र स्थानीय तहमा हुनेछ । सम्वद्ध प्रक्रिया अनुसार तोकिएका सूचकहरु[6] प्राप्त गर्न सम्बन्धित विषयगत निकाय र स्थानीय तहवाट लाग्ने लागतको बारेमा अध्ययन विश्लेषण गरीसम्वद्ध निकायलेनै अनुमानित बजेट तयार गरिस्रोत व्यवस्थापन गर्नेछन् ।

### ४.३.२ केन्द्रीय तहबाट प्राप्त हुने सहयोग

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयनको लागि यस अघि केन्द्रीय निकायवाट उपलव्ध हुँदै आएको सहयोगमा निरन्तरता रहनेछ ।

[6]बालमैत्री स्थानीय शासन कार्यान्वयनका तहगत खुड्किला र का न्यूनतम् सूचकहरु अनुसूची १ मा दिईएको छ ।

### ४.३.३ स्थानीय तहमा हुन सक्ने लगानी

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ वमोजिम उपलब्ध गराउँदै आएको अनुदान पद्धतिलाई निरन्तरता दिइनेछ । साथै स्थानीय तहले आफ्नो आन्तरिक आयवाट थप लगानी गर्न सक्नेछन् । घोषणाको अवस्थामा प्राप्त गरेको सफलतालाई पाचौं वर्षमा पुनः लेखाजोखा गर्दा प्रगति कायमै राख्ने बालमैत्री घोषणा भएका नगरपालिका र गाउँपालिकाहरुलाईप्रोत्साहन स्वरुप थप रकम उपलब्ध गराइनेछ ।

### ४.३.४ स्रोत जुटाउन नविनतम तरिका

प्रत्येक स्थानीय तहले यो विस्तार योजनाको कार्यान्वयनको लागि आफ्नो तहमा वार्षिक कार्यक्रम तर्जुमा गरी लगानीका लागि नवीनतम तरिकाहरु अपनाउन सक्नेछन् ।

*उदाहरणको लागि*
*विज्ञद्वारा अध्ययन गराई स्थानीय निकायलाई राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमको केही अंश (न्यूनतम् ०.५ प्रतिशत) यो योजना कार्यान्वयनमा लगानीको रुपमा समावेश गर्न सक्ने ।*

### ४.३.५ विकास साझेदार /गैससबाट हुने लगानी

विकास साझेदारहरुवाट यो विस्तार योजनाको कार्यान्वयनको लागि प्राप्त हुने रकम यही कार्यक्रममा लगानी गर्ने व्यवस्था मिलाइनेछ । विकास साझेदारले नेपाल सरकारको सहमतिलिइ स्थानीय निकायमा रकम प्रवाह गरी बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ को दफा २९ (१) देहाय (ख) वमोजिम जानकारी दिने वा कार्यक्रमको नाममा केन्द्रमा रकम प्रवाह गरी केन्द्र मार्फत स्थानीय तहमा रकम प्रवाह गर्न वा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत केन्द्रीय उत्प्रेरणाद्वारा विस्तारका लागि मन्त्रालयको सहमतिलिई तोकिएका कार्यक्रममा लगानी गर्न सक्नेछन् । विकास साझेदार र राष्ट्रिय/अन्तराष्ट्रिय गैससहरुले बालबालिका सम्वन्धी संचालन गर्ने क्रियाकलापहरु यसै विस्तार योजनालाई सघाउ पुग्नेगरी कार्यान्वयन गर्नेछन् । यसरी कार्यान्वयन भएको कार्यक्रमको जानकारी समद्ध स्थानीय तहमा गराउने छन् ।

## ४.४ कार्यान्वयन निकायको क्षमता अभिवृद्धि तथा जनशक्ति

### ४.४.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सम्पर्क शाखाकोसुदृढीकरण

विस्तार योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति, उपकरण, स्रोत तथा अन्य संयन्त्रको व्यवस्थागरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सम्पर्क शाखालाई बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिकोसचिवालयको रुपमा समेत सुदृढ गर्नेछ । हाल कायम रहेको अन्तर मन्त्रालय बालमैत्री स्थानीय शासन प्राविधिक समितिमा सम्बन्धित विषयगत मन्त्रालय र राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिहरुलाई आवश्यकता वमोजिम आमन्त्रण गर्न सकिनेछ ।

### ४.४.२ बालमैत्री स्थानीय शासन समितिको सुदृढीकरण र कार्यजिम्मेवारी

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ वमोजिम गठित राष्ट्रिय समिति, जिल्ला समिति, नगर समिति, गाउँ समिति तथा समुदायस्तरीय समितिले यो विस्तार योजना कार्यान्वयन र संस्थागत विकासका लागि सघाउन आवश्यक पर्ने कार्य गर्न सक्नेगरी बार्षिक कार्यक्रम र बजेटमा समावेश गरी यी समितिहरुलाई सुदृढ गराईनेछ ।प्रदेशस्तरमा समेत बालमैत्री स्थानीय शासन प्रादेशिक समिति स्थापना र संचालन गरिनेछ । साथै विस्तार योजना कार्यान्वयन गर्न स्थानीय तहले हाल संचालनमा रहेका विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई समिति, गाउँ शिक्षा समिति, बाल संरक्षण तथा सम्वर्द्धन उप-समिति रआवश्यकता अनुसार थप उप-समितिहरु गठन गरी परिचालन गर्न सक्नेछन् ।यसका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

### ४.४.३ स्थानीय निकाय तथा विषयगत कार्यालयका सम्पर्क विन्दुको क्षमता विकास

विस्तार योजना कार्यान्वयन गर्ने स्थानीय तह का साथै प्रदेश स्तरमा समेत यसको कार्यान्वयनको लागि प्रत्येक सम्वद्ध निकायमा सम्पर्क विन्दुको व्यवस्था गरी योजना संचालनमा सहयोग पुग्नेगरी निजहरुको क्षमता विकास गरिनेछ ।

### ४.४.४ बाल संजालको क्षमता विकास

विस्तार योजना कार्यान्वयन गर्ने गाउँ, नगर र जिल्लास्तरमा गठन भएका बाल क्लवका संजालहरुलाई यो योजनाको कार्यान्वयनमा सहभागी गराईनेछ । आवश्यकता वमोजिम यस्ता संजालहरुको क्षमता विकास (तालिम, अभिमुखिकरण, कार्यथलो व्यवस्थापन, नेतृत्व हस्तान्तरण, बैठक संचालन, अभिलेख प्रणाली, अनुगमन, आदि) समेत गरिनेछ ।

### ४.४.५ जनशक्ति व्यवस्थापन तथा सीप अभिवृद्धि

विस्तार योजना कार्यान्वयन गर्न सक्ने गरी आवश्यक सीप प्रदान गरी जनशक्तिको एक साझा थलो (Pool)निर्माण गरिनेछ । यसको लागि केन्द्र र प्रदेश तहमा विज्ञ जनशक्तिको रोष्टर तयार गरिनेछ । यो जनशक्तिलाई निजहरुको क्षमता र आवश्यकता वमोजिम केन्द्र, प्रदेश र स्थानीय तहमा परिचालन गर्न सकिनेछ । यस कार्यका लागि प्राज्ञिक संस्थालाई समेत परिचालन गरिनेछ ।

## ४.५ औजार (उपकरण), कार्यविधि र म्यानुअल

विस्तार योजना कार्यान्वयनमा सहयोग पुऱ्याउनका लागि यस अघि तर्जुमा भएका विभिन्न औजार, कार्यविधि र म्यानुअलहरु  कार्यान्वयनमा ल्याईनेछ ।

### ४.५.१ मौजुदा अवस्थाको विश्लेषण, परिमार्जन तथा तर्जुमा

हाल कार्यान्वयनमा रहेका औजार, कार्यविधि र म्यानुअलमा-बालमैत्री स्थानीय निकाय घोषणा सरलीकृत हाते पुस्तिका, बालभेला संचालन हाते पुस्तिका, बालमैत्री स्थानीय शासन सम्बन्धी जान्नै पर्ने कुराहरु, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, बालमैत्री स्थानीय शासन तालिम म्यानुअल तथा स्रोत पुस्तिका, बालबालिकाको लागि लगानी योजना तर्जुमा दिग्दर्शन, गाँउ प्रोफाईल टेम्प्लेट जस्ता दस्तावेजहरु कार्यान्वयनमा रहेका छन् । यिनलाई आवश्यकता वमोजिम परिमार्जन गरी कार्यान्वयनमा ल्याईनेछ ।

### ४.५.२ स्रोत सामग्री निर्माण

बुँदा ४.५.१ मा उल्लिखित औजार तथा उपकरणहरु (आवश्यकता अनुसार यसमा थप गर्ने) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति सम्वन्धी दस्तावेजलाई एकीकृत गरी एक स्तरीयकरण गरिएको स्रोत सामग्री (किटबक्स) तयार गरिनेछ । यो स्रोत सामग्री बालमैत्री स्थानीय शासन स्रोत केन्द्रमा राख्ने व्यवस्थाका साथै विस्तार योजना कार्यान्वयन गर्ने प्रत्येक स्थानीय तहलाई उपलव्ध गराईनेछ ।

## ४.६ वकालत, प्रचारप्रसार तथा सूचना प्रवाह

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि विभिन्न प्रक्रिया र पद्धति अवलम्वन गरिनेछ । यस प्रक्रियामा खासगरी देहायका विधिहरु प्रयोग गरिनेछन् ।

### ४.६.१ विस्तारको लागि तालिम प्राप्त जनशक्ति निर्माण

बालमैत्री स्थानीय शासनको विस्तारको लागि स्थानीय तहमा विषयगत रुपमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिनेछ । यस अन्तरगत महिला स्वास्थ्य स्वंयसेविका, स्थानीय शिक्षक, स्वयंसेवक, महिला तथा बालबालिकाको हित संरक्षणका लागि स्थानीयस्तरमा विगतमा गठित पारालिगल कमिटि र हालको महिला हिंसा निगरानी समुह लगायत संस्थाका सक्रिय सदस्यहरु, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षण र सम्वर्द्धन उप-समिति, बाल क्लव र संजालका क्रियाशिल सदस्यहरु, वडा नागरिक मंच र नागरिक सचेतना केन्द्रका सक्रिय सदस्यहरु, आमा समुहका सक्रिय सदस्यहरु,टोल विकास समिति,सहकारी, कृषक समूह,महिला सहकारी, सामुदायिक वन उपभोक्ता समिति, युवा संजाल, सेवा केन्द्रका कर्मचारी, स्थानीय स्वास्थ्य संस्थाका कर्मचारी, जिल्ला स्थित सरकारी निकाय, स्थानीय निकाय/तहका कर्मचारी, महिला तथा बालबालिका कार्यालयका कर्मचारी, प्रहरी, निजी क्षेत्र, सार्वजनिक यातायातमा कार्यरत कर्मचारी, स्थानीय गैससका कर्मचारी, सामाजिक परिचालक, सामुदायिक संस्थाका सदस्यहरु, आदि पर्नेछन् ।

### ४.६.२ कार्यक्रम, अवलम्वन तथा घोषणा बारे वहस पैरवी

विभिन्न संचार माध्यममा विस्तार योजना कार्यान्वयन, कार्यक्रम संचालन र बालमैत्री स्थानीय शासन अवलम्वन गर्दा अपनाउनुपर्ने विधि र घोषणाको लागि सम्पन्न गर्नुपर्ने कार्य तथा सूचक प्राप्तिका

बारेमा तथा यसले पार्न सक्ने सकारात्मक प्रभावका वारेमा वहस पैरवी गरिनेछ । यसवाट अन्य स्थानीय तहमा कार्यक्रम विस्तारमा समेत थप टेवा पुग्नेछ ।

### ४.६.३ योजना कार्यान्वयनको लागि कार्यस्थल (Plat Form)तथा संजाल निर्माण

सरकारी, गैर सरकारी, निजी क्षेत्र र सामुदायिकस्तरमा रहेका विभिन्न निकाय तथा विकास साझेदारका प्रतिनिधिहरु रहेको एक साझा कार्यस्थल तथा संजाल जिल्लाएवं गाउँ/नगरस्तरमा निर्माण गरी योजना कार्यान्वयनमा सघाउ पुऱ्याईनेछ ।

### ४.६.४ बालमैत्री स्थानीय शासनका अभियन्ता (Champions) तयारी

योजना कार्यान्वयनमा सधाउ पुऱ्याउन प्रत्येक जिल्ला, स्थानीय तहमा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका क्षेत्रमा कम्तिमा एक एक जना पर्नेगरी बालमैत्री स्थानीय शासनका अभियन्ता (माहिर) हरु तयार गरिनेछ । निजहरुले सम्वद्ध क्षेत्रमा अनुशिक्षण तथा जागरण अभियान संचालन गर्नेछन् ।

### ४.६.५ संचारका विद्युतीय तथा प्रिन्ट माध्यमको प्रयोग

कार्य प्रगति र असल अभ्यासहरुलाई अन्य निकायमा कार्यान्वयन गर्न सजिलो होस् र सिकाई गर्न सकियोस् भन्नाका लागि संचारका दुवै विद्युतिय तथा प्रिन्ट माध्यमलाई प्रचार प्रसारका साधनका रुपमा परिचालन गरिनेछ ।

### ४.६.६ वेभसाइटद्वारा सूचना प्रवाह

स्थानीय तहको आफ्नो वेभ साईटमा बालमैत्री स्थानीय शासन सम्वन्धी छुट्टै शिर्षक खडा गरी सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

### ४.६.७ सिकाई स्रोत केन्द्रको विकास

प्रत्येक प्रदेशमा बालमैत्री स्थानीय शासन सम्बन्धी एक एक वटा स्रोत केन्द्रको स्थापना र संचालन गरिनेछ ।

### ४.६.८ अनुकरणीय कार्यहरुको प्रचार प्रसार

बालमैत्री स्थानीय शासनका सम्बन्धमा स्थानीय तहबाट भएका अनुकरणीय कार्यहरुको प्रचार प्रसारका साथै बाँकी स्थानीय तहलाई त्यसवाट सिक्न अभिप्रेरित गरिनेछ ।

## ४.७ विस्तारको लागि कार्यान्वयन कार्ययोजना

बालमैत्री अवधारणाको अवलम्वन, बालमैत्री स्थानीय निकाय/तह घोषणा, सेवा प्रदायक (supply side)संस्था तथा सम्पर्क विन्दुहरुको क्षमता विकास, स्थानीय निकायका पदाधिकारीहरुको क्षमता विकास, स्वदेशी तथा विदेशी अध्ययन अवलोकन भ्रमण, उपयुक्त वातावरण निर्माणको लागि अनुशिक्षण तथा कार्यशाला, स्रोत व्यवस्थापन वारे अध्ययन, औजार, उपकरण, कार्यविधि, म्यानुअलको तयारी, वकालत, प्रचारप्रसार र सूचना प्रवाहको व्यवस्था, शैक्षिक संस्थाहरु संगको सहकार्य, विषयगत मन्त्रालयहरुसंगको सहकार्य र नेतृत्व वर्गसंगको अन्तरक्रिया, तथा माग पक्षहरु (demand side) को क्षमता विकास (बाल क्लव संजाल, महिला स्वास्थ्य स्वयंसेविका, सामुदायिक संस्था) जस्ता क्रियाकलापको माध्यमद्वारा बालमैत्री स्थानीय शासन सम्बन्धी योजना कार्यान्वयन गर्ने गरी यो विस्तार योजना तर्जुमा गरिएको छ । यसका लागि प्रथमत देहायमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गरिनेछ ।

तालिका ७: स्थानीय तहद्वारा बालमैत्री स्थानीय शासन **अवलम्वनका लागि** सम्वद्ध क्रियाकलापहरु

| **क्र.सं.** | **क्रियाकलाप** | **इकाई** | **संख्या** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | साझेदार संस्थाहरुलाई अभिमुखिकरण र तालिम | पटक | १४०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विषयगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह/निकाय, गैसस | |
| २ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तयारी | गोटा | ७०० | स्थानीय तह | विषयगत कार्यालय | |
| ३ | बालबालिकाको लागि लगानी योजना तर्जुमा | गोटा | ७०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | स्थानीय स्रोतसंग मिलान हुने गरी वनाउने |
| ४ | बालमैत्री स्थानीय शासनका सूचकहरुको स्थानीयकरण र सूचक निर्धारण | गोटा | ७०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| ५ | बालमैत्री सम्पर्क शाखा तथा सम्पर्क व्यक्तिको क्षमता विकास | पटक | ३० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| ६ | स्थानीय निकाय/तह तथा परिषदका पदाधिकारीहरुलाई अनुशिक्षण, अभिमुखिकरण | पटक | १४०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, | |

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | प्राविधिक सहयोग | | | | गैसस | |
| ७ | स्वदेशी तथा विदेशि अध्ययन अवलोकन भ्रमण | पटक | ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार | |
| ८ | बाल क्लव/संजालको क्षमता विकास | संख्या | ४०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| ९ | बालमैत्री स्थानीय शासन सम्वन्धी सूचना तथा जानकारी प्रचार प्रसार र मिडिया परिचालन | पटक | निरन्तर | स्थानीय तह | विकास साझेदार, गैसस | निरन्तर चलिरहने |
| १० | बालबालिका र महिलाको क्षेत्रमा विनियोजन हुने बजेट खर्च गर्न सकिने क्रियाकलाप वारे जानकारी दिने गरी व्रोसर, फ्लेक्स, पम्पलेट जस्ता सूचनामूलक सामग्री तयारी, प्रकाशन र वितरण | संख्या | सबै स्थानीय तहमा वार्षिक १ पटक | स्थानीय तह | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विकास साझेदार, गैसस | निरन्तर चलिरहने |

तालिका ८: स्थानीय तहद्वारा बालमैत्री स्थानीय शासन **घोषणाका लागि**क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय निकाय/तहको प्रोफाईल तयारी ( बालबालिका सम्बन्धी प्रोफाईल) | गोटा | ४०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| २ | स्थानीय विकास योजना तयारी | गोटा | ४०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| ३ | स्थानीय विकास योजनाको आधारमा बालबालिकाको लागि लगानी योजना तयारी | गोटा | ४०० | स्थानीय तह | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | प्रादेशिक कानून, स्थानीय तहको नीति र आचार संहिता तयारी | गोटा | ४०० | स्थानीय तह | नेपाल सरकार, विषयगत कार्यालय, विकास साझेदार | |
| ५ | बालबालिकाको स्थिति पत्र तयारी | गोटा | ७०० | स्थानीय तह | विषयगत कार्यालय, बाल कल्याण समिति | |
| ६ | उपलब्धि मापनका लागि रणनीतिका न्यूनतम् सूचकहरु पूरा भएको[7](लगानी योजना कार्यान्वयन) | संख्या | सबै सूचक | बालमैत्री स्थानीय शासन समिति | विषयगत कार्यालय, विकास साझेदार, गैसस | घोषणा गर्ने प्रत्येक स्थानीय निकाय/तहले पूरा गर्नुपर्ने |
| ७ | एक आपसमा सिकाई आदान प्रदान गर्ने स्वदेशी तथा विदेशी अध्ययन अवलोकन भ्रमण | पटक | ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार | |
| ८ | स्थानीय तहको आवधिक योजना तर्जुमा | संख्या | ४०० | स्थानीय तह/निकाय | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| ९ | बालमैत्री घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा | संख्या | २०० | स्थानीय तह/निकाय | विषयगत कार्यालय, विकास साझेदार, गैसस | |
| १० | अनुगमन, समीक्षा, प्रतिवेदन, अभिलेखीकरण र संस्थागत क्षमता विकास | | निरन्तर | स्थानीय तह/निकाय | विषयगत कार्यालय, विकास साझेदार, गैसस | निरन्तर प्रक्रिया |

[7]बालमैत्री स्थानीय शासनका सूचकहरु तालिका १ मा दिईएकोछ ।

**तालिका ९: कार्यक्रम विस्तारका लागि केन्द्रीय स्तरबाट उत्प्रेरणा जगाउने (Vertical Expasion) सम्बन्धी क्रियाकलापहरु**

| क.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नमुनाको रुपमा कार्यक्रम विस्तार[8] | संख्या | ७ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विषयगत मन्त्रालय, विकास साझेदार, गैसस | |
| २ | मौजुदा रणनीतिको समीक्षा र परिमार्जन | पटक | १ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विषयगत मन्त्रालय, विकास साझेदार, गैसस | |
| ३ | संघीय संरचना लागु हुँदाका वखत कार्यान्वयन गर्ने गरी रणनीतिक ढाँचा तयार गर्ने | पटक | १ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विषयगत मन्त्रालय, विकास साझेदार, गैसस | |
| ४ | बालमैत्री स्थानीय शासनका सूचक, घोषणा उन्मुख अवस्थाको निर्धारण, संचार माध्यमको परिचालन, दीगो विकासको रणनीति सम्बन्धी अध्ययन | पटक | १ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विषयगत मन्त्रालय, विकास साझेदार, गैसस | |
| ५ | बालमैत्री स्थानीय शासन अवलम्वन र घोषणा गर्ने स्थानीय तहहरुलाई प्रोत्साहन | पटक | ७ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विषयगत मन्त्रालय, विकास साझेदार | |
| ६ | बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन | पटक | ३ | संघीय मामिला तथा स्थानीय विकास | विश्वविद्यालयहरु, शिक्षा मन्त्रालय, | |

[8]केन्द्रीय उत्प्रेरणाद्वारा बालमैत्री स्थानीय शासन विस्तार गर्न प्रत्येक प्रदेशवाट एक एक वटा स्थानीय तह छनौट गरी, सम्वद्ध स्थानीय तह र विकास साझेदारहरु परिचालन गरी नमुनाको रुपमा रणनीतिक कार्यक्रमको विस्तार गर्ने । प्रक्रिया, पद्धति र सूचकहरु यसै विस्तार योजनाको अन्य खण्डमा उल्लेख भए वमोजिम हुनेछ ।

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | सम्वन्धमा विश्वविद्यालय तथा शैक्षिक संस्थाहरुसंगको परामर्श तथा पाठ्यक्रममा समावेश गर्ने वारेको वकालत | | | मन्त्रालय | विकास साझेदार, प्रदेश सरकार, स्थानीय तह/निकाय, गैसस | |
| ७ | बालमैत्री स्थानीय शासनका सूचकहरु न्यूनतम् शर्त तथा कार्यसम्पादन मापनमा समावेश गर्न अध्ययन गर्ने | पटक | १ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार | |
| ८ | उपयुक्त वातावरण बनाउन अनुशिक्षण/कार्यशाला | पटक | १४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, गैसस | |
| ९ | राजश्व तथा स्रोत व्यवस्थापन अध्ययन | पटक | ७ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विकास साझेदार, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, गैसस | |
| १० | कार्यान्वयन निकायको लागि जनशक्ति प्रक्षेपण र तालिम संचालन | संख्या | २१०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विकास साझेदार, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, गैसस | |
| ११ | औजार, उपकरण, कार्यविधि र म्यानुअल तयारी | सेट | ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार, गैसस | |
| १२ | वकालत, प्रचार प्रसार र सूचना प्रवाह | पटक | २१०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय तह/निकाय | प्रदेश सरकार, स्थानीय तह/निकाय, विकास साझेदार, गैसस | |

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | संयुक्त अनुगमन, समीक्षा, मूल्यांकन, प्रतिवेदन | पटक | १६०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह/निकाय | विकास साझेदार, गैसस | |
| १४ | स्वदेशी तथा विदेशी अध्ययन अवलोकन भ्रमण | पटक | ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार | |
| १५ | बालमैत्री स्थानीय शासन अवलम्वन र सूचकको अवस्था (indicator tracking)नक्सांकन | पटक | ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विषयगत मन्त्रालय, विकास साझेदार | वार्षिक रुपमा निरन्तर |
| १६ | बालमैत्री स्थानीय शासनका सूचकहरुलाई दिगो विकास लक्ष्यका सूचकहरुसंग मिलान गर्ने गरी परिमार्जन गर्ने | पटक | १ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | विकास साझेदार | |
| १७ | विभिन्न विषयगत मन्त्रालय मातहतका प्रशिक्षण केन्द्रहरुवाट संचालन हुने तालिम पाठ्यक्रममा बालमैत्री स्थानीय शासन सम्वन्धी विषय समावेश गर्ने | पटक | ३ | विषयगत मन्त्रालयहरु | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | |
| १८ | बालबालिका सम्वन्धी ऐनहरुको संकलन र विश्लेषण गर्ने | पटक | ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | कानून मन्त्रालय, विकास साझेदार | |

**तालिका १०: स्थानीय तहको चाहनाद्वारा विस्तार (Horizontal Expansion) गर्ने क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रत्येक प्रदेशमा न्यूनतम् १, १ वटा बालमैत्री स्थानीय शासन सम्बन्धी सिकाई स्रोत केन्द्र स्थापना र कार्यान्वयन | संख्या | ७ | प्रादेशिक सरकार, स्थानीय तह | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,राष्ट्रिय योजना आयोग, विकास साझेदार | स्थानीय तहले थप सिकाई स्रोत केन्द्र स्थापना गर्न सक्ने |
| २ | विश्वविद्यालयहरु संगको साझेदारीमा स्नातकोत्तरमा अध्ययनरत विद्यार्थीहरुलाई सोधपत्र लेखनको लागि | जना | ७०० | स्थानीय तह/निकाय | विश्वविद्यालयहरु, विकास साझेदार, गैसस | Internshipसमेत गर्न सकिने |

| क्र.सं. | क्रियाकलाप | इकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | स्थानीय तहमा पठाउने | | | | | |
| ३ | सफल नमुनाहरुको विस्तारको लागि अन्तर स्थानीय निकाय अध्ययन अवलोकन भ्रमण | पटक | १६ | स्थानीय तह | विकास साझेदार, गैसस | |
| ४ | बाल संरक्षण क्लष्टर (protection cluster)संगको समन्वयमा प्रकोप व्यवस्थापन गर्न बालबालिकाका मुद्दा समेत समावेश भएको Post Disaster Recovery Plan तयार गर्ने | संख्या | १०० | स्थानीय तह | विषयगत मन्त्रालय, विकास साझेदार, गैसस, राष्ट्रिय पुन:निर्माण प्राधिकरण | |
| ५ | स्थानीय निकाय र स्थानीय प्रशासन वीचको साझेदारी कार्यक्रम | संख्या | १४ | स्थानीय तह | स्थानीय प्रशासन,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार | स्थानीय तहमा पहिचान भए अनुसार |
| ६ | स्थानीय तह-स्थानीय तह साझेदारीमा विषयगत निकायहरुलाई अभिमुखिकरण गर्ने | पटक | १४ | स्थानीय तह | विकास साझेदार, गैसस | |
| ७ | बालभेला संचालन | पटक | वार्षिक १ (सवै स्थानीय तहमा) | स्थानीय तह | विकास साझेदार, गैसस | |
| ८ | बाल उद्यान निर्माण | संख्या | १०० | स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, गैसस | |

उपरोक्त क्रियाकलापहरु न्यूनतम् रुपमा तय गरिएका हुन् । बालमैत्री स्थानीय शासन समितिहरुले विषयगत क्षेत्रमा समेत सहयोग पुग्नेगरी आफ्नो लागि विस्तृत क्रियाकलाप तयार गर्न सक्नेछन् । यसका लागि प्रदेश सरकार र स्थानीय तह संगको सहभागितामा कार्यक्रम परिमार्जन र राष्ट्रिय तथा स्थानीय नर्म्मसको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा तथा लगानीका स्रोतहरुको पहिचान गर्न सकिनेछ ।

## ४.८ विस्तारको लागि बजेट अनुमान

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ ले निश्चित प्रक्रिया, पद्धति र प्रतिफल प्राप्त गरी तोकिएका सूचकहरु पुरा गर्ने स्थानीय निकाय/तहलाई बालमैत्री स्थानीय निकाय/तह घोषणा गर्न सकिने व्यवस्था गर बमोजिम यो विस्तार योजनाको लक्ष्य निर्धारण गरिएको छ । तोकिएका ३९ वटा सेवा प्रवाह सम्वन्धी सूचक मध्ये अधिकांस सूचकहरु विषयगत मन्त्रालयको जिम्मेवारीमा पर्ने हुदा यस्ता सूचक सम्वन्धी क्रियाकलाप र बजेट यो विस्तार योजनामा समावेश गरिएको छैन ।

बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न अवलम्वन गर्नुपर्ने प्रक्रिया, पद्धति र प्रतिफल सम्वन्धी तालिका नं. ७, ८, ९ र १० मा उल्लिखित क्रियाकलापका लागि मात्र न्यूनतम् र सांकेतिक रुपमा बजेट प्रस्ताव गरिएको छ । जस अनुसार रु १३,३५६,५००/-(२०७३ को लागत मूल्यमा)[९] आवश्यक पर्ने अनुमान गरिएको छ । उक्त रकमको मूख्य क्रियाकलापगत बजेट अनुमान अनुसूची.२मा दिईएको छ ।

---

[9]विगतको अभ्यास र स्थानीय नर्म्सको आधारमा अनुमान गरिएको हुदा योजना कार्यान्वयन गर्दा यो बजेट अपुग हुन सक्नेछ ।

# परिच्छेद पाँचः अनुगमन, मूल्यांकन र प्रतिवेदन

बालमैत्री स्थानीय शासन विस्तार योजनाको अनुगमनको लागि रणनीतिमा समावेश गरिएका बालमैत्री सूचकहरुको आधारमा अनुगमनका व्यावहारिक सूचकहरु तयार गरिनेछ । यसको लागि आवश्यक पर्ने समन्वयको व्यवस्था समिति प्रणाली अनुसार गरिनेछ । साथै कार्यक्रमको अनुगमन, समीक्षा र मूल्यांकन गर्ने व्यवस्था मिलाई वार्षिक रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

## ५.१ अनुगमन प्रकृया

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिको दफा २४ मा उल्लेख भए अनुसार विस्तार योजनाको प्रक्रियागत र नतिजागत अनुगमन गरिनेछ । नियमित प्रक्रिया अनुसार हुने सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईहरुमा बालमैत्री स्थानीय शासन सम्वन्धी विषय समेत समावेश गरिनेछ । हाल प्रचलनमा रहेको संयुक्त अनुगमन प्रणालीलाई सबै तहमा निरन्तरता दिईनेछ । साथै नियमित समीक्षा गर्ने व्यवस्था समेत मिलाईनेछ ।

## ५.२ मूल्यांकन

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिको दफा २४ मा उल्लेख भए अनुसार विस्तार योजनाको कार्यान्वयन पछि सम्वद्ध निकायले आवश्यक मूल्यांकन गर्न सक्नेछन् । कार्यक्रमको प्रभावकारीता, उपयोगिता तथा यसले पारेको सकारात्मक प्रभावका वारेमा प्रत्येक वर्ष एक स्थानीय तहको मूल्यांकन गर्ने व्यवस्था मिलाईनेछ ।

## ५.३ प्रतिवेदन तथा अभिलेखीकरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिको दफा २५ मा उल्लेख भए अनुसार विस्तार योजनाको अनुगमन, समीक्षा र मूल्यांकन सम्वन्धी प्रतिवेदन तथा कार्यक्रम संचालन भएका स्थानीय तहको नक्सांकन समेत गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ । केन्द्रीयस्तरमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले हाल अभ्यास गरिरहेको वेभ वेस्ड प्रतिवेदन प्रणाली (Web Based Reporting System) को माध्यमवाट यस विस्तार योजनाको प्रतिवेदन र सूचना प्रणाली सुदृढ गरिनेछ । साथै स्थानीयस्तरमा अभ्यास भैरहेको सामुदायिक सूचना पाटीलाई थप व्यावहारिक बनाई सूचना व्यवस्थित गरिनेछ ।

# ६ पूर्वानुमान

(क) मुलुकमा संघीय ढाँचा कार्यान्वयनमा आउदा र स्थानीय तहको पुनर्संचना भै प्रादेशिक कानून लागु हुँदाका अवस्थामा हाल केन्द्रवाट उपलव्ध गराइने स्रोतमा कमी हुन दिइने छैन ।

(ख) स्थानीय तहको निर्वाचन समयमै भै जनप्रतिनिधिहरुले स्थानीय नेतृत्व लिएका हुनेछन् ।

(ग) केन्द्रवाट स्थानीय निकायमा जाने निशर्त अनुदानमा रहेको लक्षित वर्गको बजेट विनियोजन सम्बन्धी नीति यथावत रहनेछ ।

## अनुसूची १: बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला र न्यूनतम सूचकहरु

### (क) तहगत खुड्कीलाहरु

(१) बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।

(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि जिल्ला, नगर तथा गाउँ समितिको गठन ।

(३) बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।

(४) जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध ।

(५) निश्चित सूचक/मापदण्डका आधारमा नगरपालिकाको वडा र गाँउ विकास समितिको छनौट ।

(६) बालबालिकाको वस्तुगत विवरण तयारी ।

(७) बालकोष (Child Fund)को स्थापना ।

(८) बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।

(९) सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।

(१०) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।

(११) आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन ।

(१२) बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।

(१३) अनुगमन, समीक्षा र मूल्याङ्कन ।

(१४) स्थानीय निकायको परिषदबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय ।

(१५) बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण ।

(१६) बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा र यसको निरन्तरता ।

### (ख) न्यूनतम सूचकहरु

**बाल बचाउ**

(१) ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका(आमाको दूध मात्रै खुवाउने) हुनेछन्,

(२) १ वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रुपमा खोप (डिपिटी, हेपटाइटिस बि, हिब ३, दादुरा) पाएका हुनेछन्,

(३) १ देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन्,

(४) गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन्,

(५) गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्,

(६) गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन्,

(७) गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् ।

(८) एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxisपाएका हुनेछन् ।

(९) सबै घरधुरीमा पिउनयोग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ ।

(१०) चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ ।

**बाल संरक्षण**

(१) ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ,

(२) बाल विवाहको संख्यामा कमी आएको हुनेछ,

(३) निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ,

(४) घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ,

(५) बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याईएको हुनेछ ।

**बाल विकास**

(१) ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्,

(२) कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन्,

(३) ५ देखि १२वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन्,

(४) औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ,

(५) प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,

(६) प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ,

**बाल सहभागिता**

(१) स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनेछ,

(२) स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ,

(३) विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरवाट बालवालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ,

(४) स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनेछ,

(५) गाँउ विकास समितिको हकमा हरेक गाँउ विकास समितिमा बालक्लवको सञ्जाल र नगरपालिकाको हकमा नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ,

(६) जिल्ला र नगर तहमा बाल संजाल गठन भएको हुनेछ ।

**संस्थागत विकास सम्बन्धी सूचकहरु :**

(१) स्थानीय निकायको परिषद् नियमित रुपमा संचालन भएको हुनेछ,

(२) स्थानीय निकायहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन्,

(३) स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ,

(४) स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

(५) स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

(६) स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्,

(७) स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहनेछ,

(८) स्थानीयस्तरमा प्यारालिगल समिति जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन्,

(९) स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ,

(१० बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ,

(११) जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,

(१२) बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

## अनुसूची २ः विस्तार योजनाको लागत अनुमान

| क स | मुख्य क्रियाकलाप | अनुमानित लागत (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन अवलम्वनका सम्वन्धी क्रियाकलापहरु | १,४४६,००० | तालिका ७ अनुसार |
| २ | बालमैत्री स्थानीय शासन घोषणाका सम्बन्धी क्रियाकलापहरु | १,७६४,००० | तालिका ८ अनुसार |
| ३ | कार्यक्रम विस्तारका लागि केन्द्रीय स्तरबाट उत्प्रेरणा जगाउनेसम्बन्धी क्रियाकलापहरु | २,६०५,३०० | तालिका ९ अनुसार |
| ४ | स्थानीय तहको चाहनाद्वारा विस्तार गर्ने क्रियाकलापहरु | २,८८८,६०० | तालिका १० अनुसार |
| जम्मा | | १३,३५६,५०० | |
| नोटः यसमा बालमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्न लाग्ने बजेट समावेश गरिएको छैन । | | | |

## अनुसूची ३: विस्तार योजना तर्जुमा क्रममा सुझाव दिने सहभागिहरु

| २०७२ माघ ८-९ गते होटल नमोवुद्ध, काभ्रे | **२०७२ फागुन १० गते होटल समिट, ललितपुर** |
|---|---|
| श्री माधवप्रसाद रेग्मी, सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री वसन्तराज गौतम, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री गोपीकृष्ण खनाल, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री ईश्वर राज पौडेल, उपसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री अंजली प्रधान, युनिसेफ<br>श्री दोभान लावती, युनिसेफ<br>श्री ईन्दिरा कोइराला, युनिसेफ<br>श्री अनिल चन्द्रिका, एल्जीसीडीपी<br>श्री गुरुप्रसाद सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री प्रकाश दाहल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री रमेश न्यौपाने, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री रमेश कुमार के.सी., संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री वन्धुप्रसाद वास्तोला, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री लीला अधिकारी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री विजयराज सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री मैयाँ कंडेल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री विनोदप्रसाद ढकाल, स्वशासन अध्ययन प्रतिष्ठान | श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री रौनक खान, युनिसेफ<br>श्री अनिता श्रेष्ठ, DSF<br>श्री लक्ष्मण राज परियार, NCCN<br>श्री सरोज वली, NCCN<br>श्री शान्त श्रेष्ठ, HimRights<br>श्री अन्जना शाक्य, HimRights<br>श्री कुमार यात्रु, मिरेष्ट<br>श्री प्रकाश खत्री, मिरेष्ट<br>श्री जयकृष्ण श्रेष्ठ, LDTA<br>डा. किरण रुपाखेती, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>श्री रवि गौतम, CCWB<br>श्री आत्मराज थापा, केन्द्रयि बाल कल्याण समिति<br>श्री शोभा कुमारी अधिकारी, शिक्षा मन्त्रालय<br>श्री गिता अधिकारी, स्वास्थ्य मन्त्रालय<br>श्री केशव राज पार्धे, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री प्रदर्शनिक कुमारी, NPCS<br>श्री विजयराज सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री मैयां कंडेल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री धर्मेन्द्र कर्ण<br>श्री शान्तराम ढङ्गोल, कन्सोरटियम<br>श्री अमित राज श्रेष्ठ, HUREC<br>श्री सरोज के.सी., CWISH<br>श्री खेमराज सापकोटा, VDRC<br>श्री लक्ष्मि भारती, युवालय<br>श्री शिव रेग्मी, MDRC<br>श्री अर्पणा रन्गोग, वर्ल्ड भिजन<br>श्री रविन्द्र गौतम, वर्ल्ड भिजन<br>श्री विनोदप्रसाद ढकाल, इनलोगस<br>श्री सन्जोग ठकुरी, युवालय |
| जेठ १७, २०७३, सञ्चारकर्मी समूह<br><br>गोपीकृष्ण ढुङ्गाना — अन्नपूर्ण पोष्ट<br>जितेन्द्र श्रेष्ठ — सगरमाथा टेलिभिजन<br>पुष्पा केसी — इमेज एफएम | २०७३ असार २० गते होटल ग्रिनवीच, ललितपुर<br><br>श्री कृष्णप्रसाद जैसी, जिविस महासंघ, नेपाल<br>श्री कृष्णप्रसाद सापकोटा, पूर्व संविधान सभा सदस्य एवं जिविस सभापति, जिविस काभ्रे |

| | |
|---|---|
| सन्तोषी अधिकारी एभेन्यूजन टेलिभिजन<br>दिनेश लुइँटेल अन्नपूर्ण अनलाइन<br>रविन्द्र घिमिरे अनलाइन खबर<br>केपी लुइँटेल अभियान<br>राजन रुचाल सीआईएन<br>रिया भण्डारी न्यूज २४ टेलिभिजन<br>गौरव थापा काठमाडौं पोष्ट<br>शिव रेग्मी नेटिभि<br>राजन कार्की<br>चन्द्र बानियाँ रेडियो नेपाल<br>राजु श्रेष्ठ नेटिभि<br>ज्ञान न्यौपाने नागरिक<br>सङ्गीत सङ्ग्रौला रिपब्लिका<br>चन्द्रमणि भट्टराई एनटिभी<br>रञ्जित तामाङ्ग कारोबार<br>कृष्ण ज्ञवाली कान्तिपुर<br>मोदनाथ ढकाल राइजिङ नेपाल<br>नवराज कुँवर अन्नपूर्ण एफएम<br>रक्षा रेग्मी बिजखबर डट कम<br>शर्मिला पाठक रासस<br>राजेश बज्राचार्य इन्डेप्थ म्यागजिन<br>सुनिल महर्जन नेपाल समाचार पत्र<br>शिवहरि घिमिरे बिजनेस अनलाइन<br>सागर महर्जन नेपालमण्डल टिभी<br>विकास माली नेपाल मण्डल टिभि<br>साजना तामाङ्ग कान्तिपुर एफ. एम.<br>रुबी श्रेष्ठ इन्सेक<br>सीता शर्मा गोरखापत्र दैनिक<br>रेश्मीराज पाण्डे स्थानीय विकास मं.<br>विजयराज सुवेदी स्थानीय विकास मं.<br>अञ्जली प्रधान युनिसेफ<br>इन्दिरा कोइराला युनिसेफ<br>दोभान लावती युनिसेफ<br>रुपा जोशी युनिसेफ<br>मुकुन्द नेपाल युनिसेफ<br>उद्धवराज पौडेल परामर्शदाता<br>विनोदप्रसाद ढकाल इन्लोगोस<br>नरविर देवान इन्लोगोस | मा. श्री भरत खड्का, सांसद<br>श्री विष्णु नेपाल, जिविस महासंघ, नेपाल<br>श्री पर्शुराम उपाध्याय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम<br>श्री लक्ष्मण पाण्डे, गाँउ विकास समिति राष्ट्रिय महासंघ, नेपाल<br>श्री कलानिधि देवकोटा, नेपाल नगरपालिका संघ<br>श्री विदुर मैनाली, नेपाल नगरपालिका संघ, पूर्व उपमेयर, काठमाडौं महानगरपालिका<br>श्री दिपक के.सी., जिविस काठमाडौं<br>श्री पंकज अधिकारी, जिविस भक्तपुर<br>श्री प्रेम बहादुर थापा, जिविस, ललितपुर<br>श्री राजन शर्मा, जिविस, स्थानीय विकास कोष, भक्तपुर<br>श्री गणेश नेपाली, भक्तपुर नगरपालिका<br>श्री जगन्नाथ लामिछाने, नागर्जुन नगरपालिका<br>श्री प्रेमबहादर थापा, ललितपुर उपमहानगरपालिका<br>श्री दामोदर रिजाल, गाविस सचिव हकहित मंच, नेपाल<br>डा. प्रेम शर्मा, त्रिभुवन विश्वविध्यालय, नेपाल<br>श्री सूर्यशरण रेग्मी, इनलोगस<br>श्री रमेशचन्द्र पौडेल, पूर्व मेयर, बिराटनगर उपमहानगरपालिका<br>श्री शान्तकुमार प्रधान, पूर्व जिविस सभापति, भोजपुर<br>श्री रेश्मीराज पाण्डे, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री विजयराज सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री अंजली प्रधान, युनिसेफ<br>श्री इन्दिरा कोईराला, युनिसेफ<br>श्री दोभाव लावती सुव्वा, युनिसेफ<br>श्री खेमराज नेपाल, ईनलोगस<br>श्री विनोदप्रसाद ढकाल, ईनलोगस<br>श्री उद्धवप्रसाद पौडेल, ईनलोगस<br>श्री रमेशप्रसाद मैनाली, ईनलोगस<br>श्री नरविर देवान, ईनलोगस |
| साउन ४, २०७३, (प्राविधिक समिति, सिंहदरवार)<br><br>श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शोभाकुमारी अधिकारी, फोकल पर्सन, शिक्षा मन्त्रालय<br>डा.किरण रुपाखेती, उप सचिव, महिला बालबालिका | साउन ९, २०७३, होटल समिट<br><br>डा. सोमलाल सुवेदी, मुख्य सचिव, नेपाल सरकार<br>श्री महेन्द्रमान गुरुङ्ग, सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शान्त बहादुर श्रेष्ठ, सचिव, नेपाल सरकार<br>श्री दिनेश कुमार थपलिया, सचिव, सूचना तथा संचार |

तथा समाज कल्याण मन्त्रालय
श्री बिजयराज सुवेदी, उपसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री गुरुप्रसाद सुवेदी, शाखा प्रमुख, नगरपालिका व्यवस्थापन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री रामुराज कडरिया, शाखा प्रमुख, विकेन्द्रीकरण शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री ज्ञानराज कोइराला, उप सचिव, स्वास्थ्य मन्त्रालय
श्री अमृत लम्साल, शाखा प्रमुख, अनुगमन तथा मूल्यांकन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री प्रकाश दहाल, शाखा प्रमुख, वैदेशिक सहयोग समन्वय शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री शंकर नेपाल, शाखा प्रमुख, योजना शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री छवि रिजाल, राष्ट्रिय कार्यक्रम प्रवन्धक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
श्री वन्धुप्रसाद वास्तोला, शाखा प्रमुख, सामाजिक परिचालन तथा गैसस शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री लीला अधिकारी, शाखा प्रमुख, लैंगिक समता तथा समावेशी शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री रेशम कुमार खत्री, शाखा अधिकृत, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
श्री तिलक बहादुर खडका, शाखा अधिकृत, विकेन्द्रीकरण शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री मैया कंडेल, शाखा अधिकृत, ग्रामीण विकास समन्वय शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री इन्दिरा कोइराला, प्रतिनिधि, युनिसेफ नेपाल
श्री अञ्जली प्रधान, प्रमुख बालमैत्री स्थानीय शासन, युनिसेफ नेपाल
श्री विनोदप्रसाद प्रसाद ढकाल, निर्देशक, इन्लोगोस

मन्त्रालय
श्री मधुप्रसाद रेग्मी, सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
श्री महेशप्रसाद दाहाल, सचिव, रक्षा मन्त्रालय
श्री माधव प्रसाद रेग्मी, पूर्व सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
डा.तीर्थराज ढकाल, सहसचिव, राष्ट्रिय योजना आयोग
श्री योगेन्द्र कुमार कार्की, सहसचिव, कृषि विकास मन्त्रालय
श्री तारक धिताल, कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति
श्री वसन्त राज गौतम, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री हरि पौडेल, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री अनिल कुमार ठाकुर, महानिर्देशक, केन्द्रीय पञ्जीकरण विभाग
श्री शीतल बाबु रेग्मी, पूर्व सचिव, नेपाल सरकार
श्री बालकृष्ण प्रसाई, पूर्व सचिव, नेपाल सरकार
श्री खेमराज नेपाल, पूर्व सचिव, नेपाल सरकार, पूर्वअध्यक्ष, इन्लोगोस
श्री उद्धव प्रसाद तिमल्सेना, उपसचिव, गृहमन्त्रालय
डा.खिमलाल देवकोटा, पूर्व सदस्य, स्थानीय निकाय वित्तीय आयोग
श्री गणेश प्रसाद पाण्डेय, प्रमुख, राजश्व प्रशिक्षण तालिम केन्द्र
श्री पूर्णचन्द्र भट्टराई, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री उषा हमाल, उपसचिव, शिक्षा मन्त्रालय
श्री राधिका अर्याल, सहसचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
श्री जीवन कुमार श्रेष्ठ, सहसचिव, (प्रा.), संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री गंगादत्त अवस्थी, पूर्व सचिव, नेपाल सरकार
रामुराज कडरिया, उपसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय .
डा. दुर्गाप्रसाद पौडेल, ग्रामीण स्वा.वि.केन्द्र
श्री हरिप्रसाद लम्साल, सहसचिव, शिक्षा मन्त्रालय
श्री मोहनप्रसाद मरासिनी, निर्देशक, महिला तथा बालबालिका विभाग
श्री सूर्यप्रसाद आचार्य, सहसचिव, अर्थ मन्त्रालय
श्री गोपी कृष्ण खनाल, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

| | |
|---|---|
| | श्री पुण्यप्रसाद न्यौपाने, कार्यकारी निर्देशक, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान<br>श्री छवि रिजाल, उपसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शोभा कुमारी अधिकारी, उपसचिव, शिक्षा मन्त्रालय<br>श्री विजयराज सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री सूर्यशरण रेग्मी, कोषाध्यक्ष, इन्लोगोस<br>श्री अञ्जली प्रधान, प्रमुख बालमैत्री स्थानीय शासन, युनिसेफ नेपाल<br>श्री दोभान लावती, कार्यक्रम अधिकृत, युनिसेफ नेपाल<br>श्री इन्दिरा कोइराला, प्रतिनिधि, युनिसेफ नेपाल<br>विनोदप्रसाद ढकाल, निर्देशक, स्वशासन अध्ययन प्रतिष्ठान (इन्लोगोस) |
| <u>भाद्र २७, २०७३, प्राविधिक समिति, सिंहदरवार</u><br><br>श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शोभाकुमारी अधिकारी, उप सचिव तथा सिएफएलजि फोकल पर्सन, शिक्षा मन्त्रालय<br>डा.किरण रुपाखेती, उप सचिव तथा सिएफएलजि सम्पर्क व्यक्ति, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>श्री ज्ञानराज कोइराला, उप सचिव तथा, सिएफएलजि फोकल पर्सन, स्वास्थ्य मन्त्रालय<br>श्री बिजयराज सुवेदी, उप सचिव तथा सिएफएलजि फोकल पर्सन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री गुरुप्रसाद सुवेदी, शाखा प्रमुख, नगरपालिका व्यवस्थापन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री रामुराज कडरिया, शाखा प्रमुख, विकेन्द्रीकरण शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री अमृत लम्साल, शाखा प्रमुख, अनुगमन तथा मूल्यांकन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री प्रकाश दहाल, शाखा प्रमुख, वैदेशिक सहयोग समन्वय शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शंकर नेपाल, शाखा प्रमुख, योजना शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री छवि रिजाल, शाखा प्रमुख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री वन्धुप्रसाद वास्तोला, शाखा प्रमुख, सा.प. तथा | <u>भाद्र ३१, २०७३, होटल समिट</u><br><br>श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री वन्धु प्रसाद वास्तोला, शाखा प्रमुख, सा.प. तथा गैसस शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री बिजय राज सुवेदी, फोकल पर्सन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शंकर नेपाल, शाखा प्रमुख, योजना शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री मैया कडेल, शाखा अधिकृत, ग्रामीण विकास समन्वय शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री अञ्जली प्रधान, प्रतिनिधि, युनिसेफ<br>श्री इन्दिरा कोइराला, प्रतिनिधि, युनिसेफ<br>श्री दोभान लावती, प्रतिनिधि, युनिसेफ नेपाल<br>श्री विनोदप्रसाद ढकाल, निर्देशक, इन्लोगोस<br>श्री रमेशप्रसाद मैनाली, इन्लोगोस |

| | |
|---|---|
| गैसस शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री लीला अधिकारी, शाखा प्रमुख, लैंगिक समता तथा समावेशी शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री तिलक ब. खडका, शाखा अधिकृत, विकेन्द्रीकरण शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री मैया कडेल, शाखा अधिकृत, ग्रामीण विकास समन्वय शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री नेत्रनारायण अर्याल, ग्रामीण विकास शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री दोभान लावती, प्रतिनिधि, युनिसेफ नेपाल<br>श्री विनोदप्रसाद ढकाल, निर्देशक, इन्लोगोस | |
| <u>असोज ११, २०७३, होटल समिट</u><br><br>श्री बिजयराज सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री रामुराज कडरिया, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री शोभा अधिकारी, शिक्षा मन्त्रालय<br>श्री लीला अधिकारी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री मैया कंडेल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री आत्माराम थापा, केन्द्रीय बालकल्याण समिति<br>श्री पुष्पराज पौडेल, खानेपानी तथा सरसफाई मन्त्रालय<br>श्री उद्धवराज पौडेल, इनलोगस<br>श्री नेत्रनारायण अर्याल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री ज्ञानराज कोइराला, स्वास्थ्य मन्त्रालय<br>श्री सूर्यप्रसाद आचार्य, इन्लोगोस<br>श्री वंशिधर घिमिरे, इन्लोगोस<br>श्री इन्दिरा कोइराला, युनिसेफ<br>श्री दोभान लावती, युनिसेफ<br>श्री विनोदप्रसाद ढकाल, इन्लोगस<br>श्री नरविर देवान, इन्लोगस | <u>आश्विन १२, २०७३, होटल समिट</u><br><br>श्री बिजयराज सुवेदी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री मैया कंडेल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री चन्द्र बहादुर बस्नेत, बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति, जिविस मोरङ्ग<br>श्री लक्ष्मण आचार्य, बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति, जिविस प्युठान<br>श्री दुर्गालाल केसी, बालमैत्री स्थानीय शासन क्षेत्रीय प्रशिक्षक, दाङ्ग<br>श्री रेशमप्रसाद शर्मा, बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति, सुनवल नगरपालिका<br>श्री विकिरण गौतम, बालमैत्री स्थानीय शासन क्षेत्रीय प्रशिक्षक, दाङ्ग<br>श्री विष्णुप्रसाद चौवे, बालमैत्री स्थानीय शासन क्षेत्रीय प्रशिक्षक, कपिलवस्तु<br>श्री दोभान लावती, युनिसेफ<br>श्री विनोदप्रसाद ढकाल, इन्लोगोस<br>श्री नरविर देवान, इन्लोगस |
| <u>कार्तिक ३०, २०७३, होटल समिट</u><br><br>श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री उषा हमाल, उपसचिव, शिक्षा मन्त्रालय<br>श्री लीला अधिकारी, उपसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री वन्धुप्रसाद बास्तोला, संघीय मामिला तथा स्थानीय | <u>मंसिर १, २०७३, होटल समिट</u><br><br>श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री उषा हमाल, उपसचिव, शिक्षा मन्त्रालय<br>श्री लीला अधिकारी, उपसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री आत्माराम थापा, केन्द्रीय बालकल्याण समिति |

| | |
|---|---|
| विकास मन्त्रालय<br>श्री मैया कंडेल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>श्री वंशिधर घिमिरे, इन्लोगोस<br>श्री अञ्जली प्रधान, युनिसेफ<br>श्री दोभान लावती, युनिसेफ<br>श्री विनोदप्रसाद ढकाल, इन्लोगोस<br>श्री नरविर देवान, इन्लोगस | श्री रेशम कुमार खत्री, महिला बालबालिका तथा समाज कल्याण मंत्रालय<br>श्री दोभान लावती, युनिसेफ<br>श्री विनोदप्रसाद ढकाल, इन्लोगोस<br>श्री नरविर देवान, इन्लोगस |